## सम्पादकीय

# प्रम ओलीमाथि पनि छानविन गर !

डबल नेकपाका पहिलो बरियताका अध्यक्ष समेत रहेका प्रधानमन्त्री ओलीको पछिल्लो दुई वर्षे कार्यकाल काण्डैकाण्ड, प्रकरणै प्रकरणमा बितेको छ । यति प्रकरणमा एमनेस्टी इन्टरनेश्नलले प्रधानमन्त्रीलाई नै भ्रष्टाचारीहरूको नाइकेको रूपमा प्रस्तुत गरेको छ । सेक्युरीटी प्रीन्टिङ प्रेस खरिद प्रकरणमा ७० करोड रूपैयाँ घुसवार्ताको अभियोगमा पदच्युत हुन पुगेका सुचना तथा सञ्चार मन्त्री गोकुल बाँस्कोटा प्रधानमन्त्रीका सबैभन्दा नजिकका विश्वासपात्र थिए । ७० करोडको प्रकरण बाहिरिनु केही दिनअघि मात्र उनले बाँस्कोटाको खुबै प्रशंसा गरेका थिए । जानकारहरूको दावी छ प्रम ओलीको सल्लाह र योजनाविना गोकुल बाँस्कोटा एक्लैले ७० करोडको बार्गेनिङ गरेका होइनन् । सवाल ७० करोडको मात्र होइन गोकुल बाँस्कोटाले सम्हालेको मन्त्रालय अन्तर्गत मात्रै १ खर्ब बराबरका योजना यसबीचमा कार्यान्वयन भएका तथ्यांकहरू बाहिरिएका छन् । टेलिकमका उच्च अधिकारीहरूका अनुसार करिब ५ अर्बभन्दा बढी घोटालामा मन्त्री बाँस्कोटाको संलग्नता रहेको छ । यस्ता अन्य मन्त्रालयका पनि योजनाहरू छन्, ति मन्त्रालयभित्र भएका भ्रष्टाचार र कमिसनका प्रकरणहरू बाहिरिन बाँकी छन् । ती सबैमा राष्ट्रप्रमुख तथा प्रधानमन्त्री स्वयम्को संरक्षकत्वमा संस्थागत रूपमा सेटिङ मिलाएर भ्रष्टाचार र कमिसन हुँदो रहेछ भन्ने तथ्य गोकुल काण्डले देखाएको छ ।

अहिले बाँस्कोटामाथि अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सिआइबीले छानविन गर्ने बताइएको छ । तर बाँस्कोटामाथिको छानविनका लागि प्रम ओली अनिच्छुक देखिएका छन् । उनीमाथि छानविन हुने र जेल हालिने विषयमा आम जनतामा गम्भीर आशंका उब्जिएको छ । र, जनताले औंला यतिखेर प्रधानमन्त्री ओलीतिर तेर्स्याइरहेका छन् ।

दुई तिहाई जनताको मतसहित शक्तिशाली प्रधानमन्त्री बनेका केपी शर्मा ओलीले एकपछि अर्को काण्ड, एकपछि अर्को प्रकरण घटाएर अन्तर्राष्ट्रिय स्तरमा समेत नेपालको बद्नाम गरिरहेका छन् । वाइडबडी काण्ड, ३३ किलो सुनकाण्ड, यति काण्डहुँदै गोकुल काण्डसम्म आइपुग्दा सबै काण्ड प्रम ओलीकै संरक्षण, सल्लाह र योजनामा भएको गम्भीर आशंका आम रूपमा उब्जिएको छ । यसको सत्य तथ्य छानविनका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोग, अदालत तथा राज्य प्रशासनले प्रधानमन्त्री ओलीमाथि नै छानविन गर्न अत्यावश्यक देखिएको छ ।

आफ्नो 'धर्म पूत्र'को रूपमा रहँदै आएका गोकुल बाँस्कोटा मन्त्री पदबाट राजिनामा दिएर बालकोट स्थित प्रम ओलीको निवासमा गएर बसेका छन् । ओलीले उनको राजिनामालाई नैतिकताको कसीसँग जोड्दै छानिविन प्रक्रियालाई समेत अगाडि बढाउन नचाहेका समाचारहरू पनि बाहिरिएका छन् । तथ्य र घटनाक्रमहरूले पुष्टि गरेको छ कि गोकुल प्रकरणमा पनि प्रधानमन्त्री ओलीमाथि पनि छानविन गरिन जरुरी छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा गोकुल बाँस्कोटा काण्डको छानविनका लागि उजुरी समेत परिसकेको छ । अब प्रधानमन्त्री ओलीमाथि पनि छानविनका लागि अदुअआ र अदालतमा उजुरी नपर्ला भन्न सकिन्न । अख्तियार दुरूपयोग अनुसन्धान आयोगकै केही समय पहिले सार्वजनिक भएको प्रतिवेदनमा सिंहदरबारदेखि स्थानीय तहसम्म व्यापक रूपमा संस्थागत भ्रष्टाचार बढेको तथ्यांक उल्लेखित छ । देशैभर सबै सरकारी निकायमा हुने भ्रष्टाचारको मुख्य मुहान तथा अखडा भनेको सिंहदरबार हो । संस्थागत रूपमा सेटिङमा हुने र गरिने भ्रष्टाचारहरू तथा कमिसनका खेलहरू सबै सिंहदरबारबाटै सुरु हुने गर्दछन् । प्रायः ठूल्ठूला भ्रष्टाचार तथा कमिसनका प्रकरणहरू स्वयम् प्रम ओलीको संरक्षणमा हुने गरेको स्वतः अनुमान लगाउन सकिन्छ । यसर्थ, भ्रष्टाचार, अनियमितताको नियमन गर्न बनेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगले स्वयम् प्रधानमन्त्रीका विरुद्ध पनि छानविन गर्ने हिम्मत राख्न जरुरी छ । अन्यथा, यी र यस्ता निकायहरू रहनु र नरहनुको कुनै अर्थ रहँदैन । र, फेरि पनि सानालाई ऐन ठूलालाई चैन भन्ने उखान नै चरितार्थ हुन पुग्नेछ । यो व्यवस्था रहेसम्म यस्तै रवैया चलिरहनेछ । राज्यको ढिकुटीमा मुठ्ठीभर दलाल शासकहरूले ब्रम्हलुट मच्चाइरहने छन् । अनि जनघात र राष्ट्रघातको चाङमाथि चाङ लगाइरहने छन् । अन्ततः तिनीहरू जनताको कठघरामा उभ्याइनेछन् । जनताले नै उनीहरूलाई सजायको भागिदार बनाउने छन् ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।
www.moolbato.com

# संयुक्त मोर्चाको अनुभव र त्यसबाट सिक्नुपर्ने शिक्षाबारे



● कृष्णदास श्रेष्ठ ●

*नौलो जनवादी संयुक्त मोर्चामा सर्वहारावर्ग, किसान वर्ग, निम्न–पुँजीपतिवर्ग र उदारपन्थी पुँजीपतिवर्ग रहन्छन् र यदाकदा त्यसमा ठूला जमिन्दारहरू र ठूला पुँजीपतिवर्गका सदस्यहरू समावेश हुन्छन् । त्यसैले, हाम्रो पंक्तिहरूले फराकिलो क्षेत्र ओगटेका हुन्छन् र ती निकै जटिल, शक्तिमा असमान र एकताबद्ध पार्न कठिन छन् । यस्तो खालका शक्तिहरूको बारेमा हाम्रो स्पष्ट दृष्टि हुनुपर्छ । तिनको कसरी विश्लेषण गर्ने, विशाल जनसंख्यालाई आफ्नो पक्षमा कसरी ल्याउने र नेतृत्वको लागि हामीमाथि जाइलाग्ने थोरै व्यक्तिहरूको विरोध कसरी गर्ने भन्ने कुरा जान्नुपर्छ । यसलाई नबुझेको खण्डमा हामीले गल्ती गर्नेछौं*

अहिले संयुक्त मोर्चाको अनुभव र त्यसबारे सिक्नुपर्ने शिक्षाबारे चर्चा गर्दा, हामीले दश-वर्षे गृह-युद्धको बेलामा र महान क्रान्तिको सुरुको अवधिमा समेत भएका गल्तीहरूको समीक्षा गर्नुपर्छ । महान क्रान्तिको बेलामा हाम्रो एउटा साम्राज्यवाद-विरोधी तथा सामन्तवाद-विरोधी राष्ट्रिय संयुक्त मोर्चा थियो, तर कोमिङ्ताङभित्रको प्रतिक्रियावादी समूहको क्रान्तिप्रति विश्वासघातको कारणले गर्दा, पछि गएर त्यसको विघठन भयो । सर्वहारावर्गको अगुवा, कम्युनिष्ट पार्टी पराजित भयो र ग्रामीण इलाकातर्फ लाग्नुपर्‍यो, र त्यहाँ त्यसले भूमि क्रान्तिलाई कार्यान्वित गर्न जनतालाई परिचालित गर्‍यो, मजदूर, किसान र सैनिकहरूको परिषद्को रूपमा लाल राजनीतिक सत्ताको स्थापना गर्‍यो र मजदूर-किसान लालसेनाको समर्थन गर्‍यो । त्यस अवधिको संयुक्त मोर्चा सामन्ती उत्पीडन र कोमिंताङ शासनका विरुद्ध जनवादी मजदूर-किसान राष्ट्रिय संयुक्त मोर्चा थियो । सेप्टेम्बर १८ तारिखको घटनापछि, हामी जापान-विरोधी राष्ट्रिय संयुक्त मोर्चातर्फ लाग्यौं । महान क्रान्ति, दश-वर्षे गृह-युद्ध, र जापान-विरोधी प्रतिरोध युद्ध- यी तीन अवधिहरूमा संयुक्त मोर्चाको रूप र चरित्र फेरिएका छन्, तर त्यो सँधैभरि नौलो-जनवादी संयुक्त मोर्चा रहेको छ, किनभने त्यसको राजनीतिक आधार सँदा नौलो जनवाद रहेको छ । नौलो-जनवादी संयुक्त मोर्चा साम्राज्यवाद र सामन्तवादको विरुद्ध सर्वहारावर्गको नेतृत्वमा व्यापक जनवादको संयुक्त मोर्चा हो । कमरेड माओत्सेतुङले यसलाई बडो स्पष्टसित राखेका छन्,- एउटा सुदृढ, नौलो-जनवादी संयुक्त मोर्चा स्थापना गर्नका लागि, हामीमा शत्रु, हाम्रो आफ्नै पंक्ति "कमाण्ड गर्ने अधिकारी" को सवाल बारे स्पष्ट समझदारी हुनुपर्छ । क्रान्तिको क्रममा, शत्रु र हामीबीचका सम्बन्धमा र द्वन्द्वरत शिविरहरूमा बराबर भएका परिवर्तनहरू र साथै सर्वोपरि परिस्थितिमा भएको निरन्तर परिवर्तनले गर्दा, संयुक्त मोर्चाको समस्याहरू निकै जटिल रहेका छन् । हामीले कमरेड माओत्सेतुङद्वारा खुट्याइएका तीन समस्याहरूलाई ध्यानमा राखेर संयुक्त मोर्चाको अनुभव र त्यसबाट सिक्नुपर्ने पाठको अध्ययन गर्नुपर्छ ।

साम्राज्यवाद र सामन्तवाद नौलो-जनवादी क्रान्तिका शत्रु हुन् । यो तथ्य क्रान्तिको अवधिभर अपरिवर्तित रहेको छ । तर संसारमा साम्राज्यवादी मुलुक एकभन्दा बढी छन् र चीनमा ठूला जमिन्दार वर्ग र ठूला पुँजीपतिवर्गीभित्र गुट र समूहहरू छन् । तिनीहरू अक्सर एकअर्कासित मिल्दैनन्, त्यसैले शत्रु-शिविर फेरिँदै रहन्छ । यसले गर्दा, शत्रुबारे स्पष्ट समझदारी प्राप्त गर्न सजिलो छैन, र स्थिति जटिल बन्न सक्छ । कहिले काँही शत्रुहरू आम जनतालाई दबाउन एकबद्ध हुन्छन् । उदाहरणार्थ, महान क्रान्तिको असफलतापछि नान्किङ र उहानमा प्रतिक्रियावादी शक्तिहरू क्रान्तिलाई दबाउन आपसमा मिले । ("नान्किङ-उहान सहयोग"को रूपमा परिचित प्रकरण) र साम्राज्यवादीहरूले तिनीहरूलाई टेवा दिए । तर विगत बीस वर्षमा यस्ता मामिला विरलै भएका छन् । शत्रुहरू धेरैजसो विभाजित रहेका छन् । सेप्टेम्बर १८ तारिखको घटनापछि जब जापानले चीनको विरुद्ध सशस्त्र आक्रमण सुरु गर्‍यो, तिनीहरू विभाजित रहेको कुरा स्पष्ट भयो । अनि, प्रतिरोध-युद्ध सुरु भएपछि, कुन कुरा अझ बढी स्पष्ट भयो भने ब्रिटेन र संयुक्त राज्य अमेरिका, युद्ध-कालमा चीनका सहयोगी बेनर जापानका विरुद्ध हाम्रो पक्षमा उभिए । यसरी साम्राज्यवादीहरू कहिले काहीं आपसमा मिल्छन् र कहिले काहीं तिनीहरूमा फाटो हुन्छ- र फाटोहरू लामो समय रहन्छन् । जहाँसम्म ठूला जमिन्दार र ठूला पुँजीपतिवर्गको सवाल छ, उत्तरी युद्ध सरदारहरूको विरुद्ध अभियानको वेलामा, केही सामन्ती शक्तिहरू, दक्षिणमा ठूला पुँजीपति वर्गका सदस्यहरू र युद्ध सरदारहरू नेतृत्व हत्याउने साहस गरेर क्रान्तिकारी पंक्तिमा सामेल भए । दश-वर्षे गृह-युद्धको वेलामा पनि लालसेनामाथि आक्रमण गर्ने काममा शत्रु एकाबद्ध भएनन् । प्रतिरोध युद्धको बेलामा ब्रिटिश र अमेरिकी गुटका ठूला पुँजीपतिवर्गले हाम्रो पक्षमा आएर जापान-विरोधी सशस्त्र प्रतिरोधलाई समर्थन गरे, तर त्यसका साथै तिनीहरूले जापानीहरूसित मिलेमतो पनि गरे । शत्रु कहिले मिल्ने, कहिले विभाजित हुने हुनाले परिस्थिति अझ बढी जटिल बन्यो, खासरूपले प्रत्येक वर्गको प्रतिनिधित्व गर्ने मानिसहरूले आफ्नो निष्ठा फेरिरहँदा त्यसरी जटिल बन्यो । महान क्रान्तिको सुरुको अवधिमा, च्याङकाइसेकले समग्र रूपमा पुँजीपतिवर्गको प्रतिनिधिको भूमिका खेले । तर १९२६ मार्च २० तरिखको चोङशान युद्धपोत घटनापछि, उनी छिट्टोसित ठूला जमिन्दारहरू र ठूला पुँजीपतिवर्गको पक्षमा लागे । महान क्रान्तिको सुरुको अवधिमा, वाङसिङवी पनि पुँजीपतिवर्गका एकजना प्रतिनिधि थिए, मध्ययम अवधिमा उनी निकै क्रान्तिकारी थिए र निम्न-पुँजीपतिवर्गको निकट थिए, अनि उहान अवधिमा उनी फेरि ठूला जमिन्दार र ठूला पुँजीपतिवर्गतर्फ लागे । सारांशमा, सबै वर्गका प्रतिनिधिहरू फेरिन सक्छन् । चीनको नौलो-जनवादी क्रान्तिभर, खासरूपले प्रतिरोध युद्धको बेलामा, साम्राज्यवादी र सामन्ती शक्तिहरूमा ठूला परिवर्तनहरू भएका छन् ।

क्रान्तिकारी संघर्षका वितेका २५ वर्षमा, संयुक्त मोर्चामा भएका परिवर्तनहरू कति तारम्तार, कति ठूला र कति जटिल रहेका छन् भने हाम्रो विचारमा स्पष्ट भएर समस्याहरूको अनुसन्धान गर्न र विश्लेषणात्मक ढंगले तीनको अध्ययन गर्न सामर्थ्यवान हुनुपर्छ । माओत्सेतुङद्वारा प्रतिनिधित्व गरिएको विचारको दिशाको अनुशरण गर्नेहरूले इतिहासको क्रममा बदलिदो अन्तरविरोधलाई सही रूपमा बुझ्न, सारा समय शत्रुलाई चिन्न र त्यसको विश्लेषण गर्न र त्यसलाई पराजित गर्नका लागि सही नीतिको तर्जुमा गर्न सक्छन् । तर विभिन्न "वामपन्थी" र दक्षिणपन्थी अवसरवादीहरू उक्त समस्याहरूबारे स्पष्ट छैनन् र तिनीहरूले धेरै गल्ती गरेका छन्, पहिलो र प्रमुख रूपमा शत्रुलाई चिन्ने र त्यससित व्यवहार गर्ने मामिलामा गल्ती गरेका छन् । दक्षिणपन्थी गल्ती गर्ने अक्सर गरेर शत्रुलाई मित्र ठान्ने गल्ती गर्छन् । उत्तरी अभियानको बेलामा हामी उहान पुग्दा यस प्रकारको बडो स्पष्ट गल्ती गरिएको थियो । चियाङशीमा च्याङ काई-शेकले चेन शान्शियनको हत्या गरे, र कम्युनिष्ट पार्टीमाथि उक्त पहिलो प्रहार गरेपछि उनी स्पष्ट रूपले शत्रुतर्फ लागेर अधिकाधिक मात्रामा प्रतिक्रियावादी बने । त्यसो हुँदा पनि चेन तुश्युजस्ता हाम्रो पार्टीभित्रका मानिसहरू उनीसित सहयोग गर्ने पक्षमा रहे, किनभने तिनीहरूले उक्त मोडमा उनमा आएको परिवर्तनलाई देख्न सकेनन् । "वामपन्थी" गल्ती गर्नेहरू अक्सर मित्रलाई शत्रु ठान्ने गल्ती गर्छन् । गृहयुद्धको बेलामा निम्न-पुँजीपतिवर्ग- निम्न-पुँजीपतिवर्गको माथिल्लो तह समेत पनि- हाम्रा मित्र थिए, र सेप्टेम्बर ८ तारिखको घटनापछि, मध्यम पुँजीपतिवर्ग पनि हाम्रा मित्र बन्न सक्ने भएका थिए । तर "वामपन्थी" विचलनवादी दृष्टिकोण भएका मानिसहरूले तिनीहरूलाई शत्रु, र अझ सबैभन्दा खतरनाक शत्रु ठाने । तिनीहरू पूरै गलत थिए ।

कुनै अवस्थाहरूमा, कोही शत्रुहरूको स्वभावमा दुईटा पक्ष रहेका हुन्छन् । तिनीहरूसित संयुक्त मोर्चा बनाउँदा दक्षिणपन्थी विचलनवादी दृष्टिकोण भएका कमरेडहरू तिनीहरूसित एकताबद्ध हुने सम्भावनाबारे मात्र सोच्छन् र तिनको प्रतिक्रियावादी स्वभावलाई बिर्सन्छन् । उदाहरणार्थ, प्रतिरोध युद्धको सुरुको अवधिमा, ठूला जमिन्दार र ठूला पुँजीपतिवर्गको एउटा अंगको प्रतिनिधित्व गर्ने च्याङ काई-शेक र उनको समूहले सशस्त्र प्रतिरोधमा भाग लिए, तर तिनीहरू प्रमुख रूपले प्रतिक्रियावादी नै थिए । दक्षिणपन्थी विचलनवादी गल्ती गरेकाहरूले तिनीहरूको प्रतिक्रियावादी चरित्रलाई ढाकछोप गरेर राम्रो देखाउन खोजे । १९३८ मा, दोस्रो उहान अवधिमा च्याङ काई-शेक र उनको समूह फाँसिष्ट वा युद्ध सरदार होइनन् भन्नु गल्ती थियो । उनी साँच्चिकै प्रतिक्रियावादी हुन्, उनी एक युद्ध-सरदार र एक फाँसिष्ट हुन् । कुनै बेलामा उक्त तथ्यमा जोड नदिनु ठिकै छ, तर उनलाई खूब तारिफ गरेर प्रस्तुत गर्नु गलत छ । "वामपन्थी" विचलनवादी दृष्टिकोण भएका कमरेडहरू कुनै एउटा मोडमा गइरहेका परिवर्तनहरूलाई देख्न असफल रहन्छन् । तिनीहरू आफ्ना शत्रुहरूको प्रतिक्रियावादी स्वभावबारे मात्र सोच्छन् र उनीहरूसित एकबद्ध हुने सम्भावनालाई बिर्सन्छन् । उदाहरणार्थ, १९३५ मा वायाओबू बैठकमा कमरेड माओत्सेतुङले कस्तो भविष्यवाणी गरे भने पुँजीपतिवर्ग, र ठूला पुँजीपतिवर्गको एउटा अंग समेत पनि आफ्नो स्थितिलाई फेर्न र प्रतिरोध युद्धलाई समर्थन गर्न सक्छन् । तर "वामपन्थी" विचलनवादी दृष्टिकोण भएका कमरेडहरूले त्यसो हुनु सम्भव छ भन्ने कुरामा विश्वास गर्न इन्कार गरे । प्रतिरोध युद्धलाई बढाउन हामी उनीहरूसमेत एकबद्ध हुन सक्छौं भन्ने कुरालाई तिनीहरूले बुझेनन् ।

हामीले शासक वर्गहरूको शिविरमा रहेको विभाजनको चरित्रलाई स्पष्टसित खुट्याउनु पर्छ । उदाहरणार्थ, महान पृष्ठ भागमा यस्ता प्रादेशिक शक्ति-समूहहरू छन्, जुन च्याङ काई-शेकको फाँसिष्ट तानाशाही र निरंकुशताका विरोधी छन्, अवश्य पनि यस विन्दुमा हामी तिनीहरूसित एकताबद्ध हुन सक्छौं । तर हामीले कुन कुरा बुझ्न सक्छौं भने तिनीहरू स्वयं ठूला जमिन्दार र ठूला पुँजीपतिवर्गको प्रतिनिधित्व गर्छन् र जनवाद र पूर्ण प्रतिरोध युद्धको विरोध गर्ने कुरामा तिनीहरूले च्याङबाट आधारभूत रूपमा भिन्न छैनन् । च्याङसित तिनीहरूको अन्तरविरोध शासक वर्गको शिविरभित्रको एउटा अन्तरविरोध हो । "वामपन्थी" विचलनवादी दृष्टिकोण भएका मानिसहरू यस अन्तरविरोधलाई मान्दैनन् र सबै शत्रुहरूलाई एकसाथ फाल्नुपर्छ भन्ने कुरामा विश्वास गर्छन् । तर सबैलाई फाल्न गरिने प्रयासको परिणाम कस्तो हुन्छ भने कोही पनि फालिदैन ।

शत्रु शिविर बदलिन सक्छ । दक्षिणपन्थी विचलनवादी भएकाहरू हिजोका साथीहरू अहिले आएर वास्तवममा शत्रु भइसकेको भए पनि तिनीहरूलाई अहिले पनि साथीकै रूपमा लिन्छन् । उदाहारणका लागि, उहान अवधिमा, माथि हामीले उल्लेख गरेका सिङवी लिऊ । एक चरणमा, पुँजीपतिवर्गको प्रतिनिधिको हैसियतबाट उनले हामीलाई सहयोग गरे । तर, उहानमा पुगेपछि, उनी ठूला पुँजीपतिवर्गको दैनिक प्रभावमुनि परे, र त्यसरी उनी प्रतिक्रियावादी बने र शत्रुको पक्षमा लागे । त्यसो हुँदा पनि, दक्षिणपन्थी विचलनवादी दृष्टिकोण भएका कमरेडहरूले उनलाई विश्वासयोग्य मित्र ठाने, उनीप्रति विश्वास गरे र उनीमाथि भर परे । "वामपन्थी" विचलनवादी दृष्टिकोण भएका कमरेडहरू हिजोको कुनै शत्रु आज मित्र हुन सक्ने भएपनि उनलाई शत्रु नै ठान्छन् । उदाहरणार्थ, सेप्टेम्बर १८ तारिखको घटनाअघि, १९ औं मार्ग सेनाले ठूला जमिन्दार र ठूला पुँजीपतिवर्गको स्वार्थमा सियाङशी प्रान्तमा हामीमाथि हमला गर्‍यो । तर सो घटनापछि जब राष्ट्रिय क्रान्तिको लहर उच्चतामा पुग्यो, त्यसले फूशियानमा हामीलाई सहयोग गर्‍यो । तर "वामपन्थी" विचलनवादी दृष्टिकोण भएका कमरेडहरूले तिनलाई शत्रु नै ठाने र उनीहरू तिनप्रति शत्रुतापूर्ण रहे । यो सबले के देखाउँछ भने शत्रु शिविरमा ठूलो वेमेल र असहमति छ र ठूला परिवर्तनहरू हुने गर्छन् । हामीले विवेकका साथ परिस्थितिको विश्लेषण गर्नुपर्छ र अन्तरविरोधको प्रयोग गर्ने धेरै जनालाई आफ्नो पक्षमा ल्याउने, थोरैको विरोध गर्ने र आफ्ना शत्रुहरूलाई एक एक गरी खत्तम पार्ने कमरेड माओत्सेतुङको नीतिको अनुशरण गर्नुपर्छ । यसरी मात्र हामी वामपन्थी वा दक्षिणपन्थी गल्तीलाई हटाउने छौं ।


बाँकी ५ पेजमा

नौलो जनवादी संयुक्त मोर्चामा सर्वहारावर्ग, किसान वर्ग, निम्न-पुँजीपतिवर्ग र उदारपन्थी पुँजीपतिवर्ग रहन्छन् र यदाकदा त्यसमा ठूला जमिन्दारहरू र ठूला पुँजीपतिवर्गका सदस्यहरू समावेश हुन्छन् । त्यसैले, हाम्रो पंक्तिहरूले फराकिलो क्षेत्र ओगटेका हुन्छन् र ती निकै जटिल, शक्तिमा असमान र एकताबद्ध पार्न कठिन छन् । यस्तो खालका शक्तिहरूको बारेमा हाम्रो स्पष्ट दृष्टि हुनुपर्छ । तिनको कसरी विश्लेषण गर्ने, विशाल जनसंख्यालाई आफ्नो पक्षमा कसरी ल्याउने र नेतृत्वको लागि हामीमाथि जाइलाग्ने थोरै व्यक्तिहरूको विरोध कसरी गर्ने भन्ने कुरा जान्नुपर्छ । यसलाई नबुझेको खण्डमा हामीले गल्ती गर्नेछौं ।

सर्वहारावर्ग हाम्रो शक्तिहरूको मेरुदण्ड हो । यसको राजनीतिक चेतना उच्च छ र यसको सामर्थ्य ठूलो छ, तर संख्या र तागतको दृष्टिबाट यो सानो छ । तसर्थ, नौलो जनवादी क्रान्तिमा, सबभन्दा भरपर्दो मित्र, किसानवर्गमाथि भरोसा राख्नु आवश्यक छ, किनभने उक्त शक्तिहरूमा यसको अधिकता छ । कमरेड माओ चतुङको भनाइअनुसार, पाँच औलामा चारवटा तिनीहरू छन् । चीनको युद्ध वास्तवमा एउटा किसान युद्ध हो । किसानविना संग्रामहरू लड्न सकिंदैन । उत्तरी अभियानको बेलामा सेना र पृष्ठ-शक्ति दुवैको विशाल बहुसंख्या किसानहरू थिए । गृह युद्धको बेलामा यो कुरा झन स्पष्ट रह्यो, र हामीले किसानहरूमाथि पूरैसित भरोसा राख्यौं । प्रतिरोध युद्धमा यही कुरा साँचो रहेको छ । किसानहरू भए हामी अघि बढ्न र पछि हट्न दुवै सक्छौं, किसानहरूविना हामी थोरै संख्यामा र फुट्टा भएर मात्र अघि बढ्न सक्छौं, र पछि हटेर रहने ठाउँ हुनेछैन । "वामपन्थी" र दक्षिणपन्थी विचलनवादीहरूसित झमेलाको कुरा नै के छ भने तिनीहरू किसानहरूको महत्वलाई बुझ्न असफल छन् । तिनीहरू किसानलाई विर्सन्छन् । किसानमाथि भरोसा नराख्न तर

बाँकी ७ पेजमा

# नेपाली समाजको ऐतिहासिक अध्ययन र विश्वदृष्टिकोणको प्रश्न



● मोहन वैद्य 'किरण' ●

## विश्व–दृष्टिकोणको प्रश्न

''मानिसको चेतनाले उनीहरूको अस्तित्वलाई निर्धारित गर्दैन, अपितु उल्टो उनीहरूको समाजिक अस्तित्वले उनीहरूको चेनतालाई निधा्रित गर्दछ।'' *–मार्क्स*

''आदिम युगहरूलाई छाडेर समस्त विगत इतिहास वर्गसंघर्षहरूको इतिहास रहेको छ र समाजका यी संघर्षरत वर्ग सदा।आफ्नो युगको उत्पादन तथा विनिमय प्रणालीबाट या एक शब्दमा भन्ने हो भने, आफ्नो युगका आर्थिक परि स्थितिबाट उत्पन्न भएका छन्। समाजको आर्थिक ढाँचा नै वस्तुतः त्यो अधार हो जसमाथि कुनै पनि ऐतिहासिक युगका कानुन र राजनीतिक संस्थाहरूको र धार्मिक, राजनीतिक तथा अरु विचारहरूको उपरिढाँचा खडा गरिन्छ। यो आधारलाई ग्रहण गरेर नै हामीले उपरिढाँचालाई अन्तिम रूपमा सम्झिन सक्तछौं।'' *–एगेंल्स*

''राजनीति, कानुन, दर्शन, धर्म, साहित्य, कला आदिको विकास आर्थिक विकासमा भर पर्दछ। परन्तु यी सबैले एकअर्कालाई र आर्थिक आधारलाई पनि प्रभावित पार्दछन्।''

*–एगेंल्स*

इतिहास र समाजविकासको कुरा गर्दा सर्वप्रथम विश्वदृष्टिकोणको कुरा आउँछ। मार्क्स र एङ्गेल्सका उक्त भनाइहरू यसै विश्वदृष्टिकोणमा आधारित रहेका छन्। इतिहास र समाज विकासको क्षेत्रमा विद्यमान तमाम प्रकारका आदर्शवादी, अज्ञेयवादी तथा अधिभूतवादी चिन्तन प्रणाली विरुद्ध द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको खोज तथा स्थापना गरेर मार्क्स-एङ्गेल्सले एउटा नयाँ वैचारिक क्रान्ति सम्पन्न गर्नुभयो। मार्क्सको पुँजीले ऐतिहासिक भौतिकवादको खोजलाई वैज्ञानितकता प्रदान गऱ्यो। तसर्थ, इतिहास र समाज विकासको अध्ययनका लागि द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद नै एकमात्र वैज्ञानिक विश्वदृष्टिकोण बन्न गएको छ। नेपाली समाजको अध्ययनका सन्दर्भमा पनि यसैलाई आधार बनाउनु पर्दछ। इतिहास र समाजको विकासबारे अध्ययन गर्ने क्रममा एङ्गेल्स रचित वानरदेखि नर बन्ने प्रक्रियामा श्रमको भूमिका, परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति शीर्षक रचनाहरू विशेष अध्यान दिन योग्य छन्।

आदर्शवादले समाज विकासको मूल कारक र प्रेरक तत्वको रूपमा कुनै ईश्वरीय शक्ति, परम चेतना, व्यक्ति विशेषको निजी विचार आदिलाई लिन्छ। परन्तु, यसका विपरित द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादले समाज विकासको मूलकारक वा प्रेरक तत्वको रूपमा समाजिक उत्पादनका गतिविधिरु अर्थात् उत्पादक शक्ति र उत्पादन सम्बन्ध, आधार र उपरिसंरचना, उत्पीडक र उत्पीडित वर्गबीचका अन्तर्विरोधहरूलाई लिन्छ। आदर्शवादले इतिहास र समाजको निर्माणमा दैवी शक्ति, राजा-महाराजाहरूको भूमिका, कुनै महापुरुषको सदिच्छालाई निर्णायक र अन्तिम मान्दछ। तर यसको ठीक उल्टो द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादले उत्पादन कार्य, वैज्ञानिक कार्य र वर्गसंघर्षका सामाजिक गतिविधिमा संलग्न जनसमुदायलाई नै इतिहासको निर्माणमा निर्णायक भूमिका खेल्ने शक्तिका रूपमा स्वीकार गर्दछ।

अज्ञयवादले समाज विकासका नियमहरूलाई अज्ञेय, अनिर्वचनीय र ज्ञानको पहुँचभन्दा बाहिर ठान्ने गर्दछ। त्यसको विपरित द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादले इतिहासलाई आवश्यकता र आकस्मिककताको द्वन्द्वात्मक एकताका रूपमा लिने, इतिहास र समाज विकासका प्रक्रियाहरूलाई जान्न तथा बुझ्न सकिने र तदनुसार आवश्यकताको राज्यबाट स्वतन्त्रताको राज्यमा छलाङ्ग हान्ने कुरा अंङ्गीकार गर्दछ।

अधिभूतवादी दृष्टिकोण अनुसार समाजलाई स्थिर, बनिबनाउ, गति र परिवर्तनहीन घटनाअरुको थुप्रो मान्ने गरिन्छ। यसको ठीक विपरित भौतिकवादी द्वन्द्ववादले समाजलाई निरन्तर गति, अन्तर्विरोध, परिवर्तन र विकासका रूपमा एक अवस्थाबाट अर्को अवस्थामा गुणात्मक ढंगले नयाँ उचाइ हासिल गर्दै अगाडि बढिरहने प्रक्रियाका रूपमा ग्रहण गर्दछ। यसले समाज र इतिहासलाई नियममा बुझ्ने र बदल्ने कुरा बताउँछ।

पुँजीवादी समाजशास्त्रीहरू प्रत्यक्षवादी दर्शनबाट प्रभावित भै समाजमा वर्ग, वर्गसंघर्ष, वर्गीय पक्षधरता, प्रगति र समाजिक क्रान्ति सम्बन्धी मान्यताको विरोधमा गैरपक्षधरता, तटस्थता, मन्द विकास, पुनरावृत्ति लगाएतका मान्यता प्रस्तुत गर्दछन्। समाज पुँजीवादभन्दा अगाडि बढ्नै नसक्ने कुरा बनाउँछन्। उनीहरूको इतिहासप्रतिको सोंच अज्ञेयवादी रहेको छ। साथै, उनीहरूले समाज विकासका ऐतिहासक एवं वस्तुवादी नियमहरूको निषेध गर्दै जीवविज्ञान र नृवंबबास्त्रका नियम अनुरूप जाति, नस्ल आदिमा आधारित योग्यतमको विजयजस्ता मान्यता थोपर्न चाहन्छन्। यो भन्दा अझै अगाडि बढेर उत्तर-आधुनिकवादीहरूले ऐतिहासिक भौतिकवादमाथि नै पूरा हमला गर्दै इतिहास, विचारधारा, कम्युनिज्मको कथित अन्तको समेत घोषणा गरिसकेका छन्। समाज र संस्कृतिको ऐतिहासिक विकासत्रप्रक्रियाको अध्ययन गर्दा यस प्रकासका गलत चिन्तन र प्रवृत्तिहरूको कडा विरोध गर्न जरुरी छ।

मार्क्सवादी विश्वदृष्टिकोणअनुसार विचारको विकास समाजको विकासअनुरूप हुन्छ। मातृगण र पितृगण हुँदै वर्गीय राज्यसत्ताको जन्म हुन्छ, जसको पहिलो रूप दासस्वामी वा सामन्ती व्यवस्था हो। यसरी हेर्दा मातृगणसमाजमा मातृविचार, पितृगणरमाजमा पितृविचार, दासस्वामी समाजमा दासस्वामी विचार वा सामन्ती समाजमा सामन्ती विचारका सिद्धान्तहरू विकसित हुने गर्दछन्। समाज विकासको जटिलता, वक्रता, असमानता, विविधता, विशिष्टता र संश्लिष्टताअनुरूप विचारको विकास वा सिद्धान्तको विकास हुने गर्दछ। यहाँ आधार र उपरिसंरचनाबीचको द्वन्द्वात्मक सम्बन्ध स्थापित भएको हुन्छ। अन्ततः समाज विकासको निर्धारक कारण आर्थिक भए पनि आधार र उपरिसंरचनाबीच अन्योन्यक्रिया चल्दछ।

***नेपालमा मानवसमुदाय***

नेपाली समाजको सही अध्ययनका लागि विभिन्न पुरातात्विक तथा ऐतिहासिक सामग्रीहरूको आवश्यकता पर्दछ। ती पर्याप्त नभएको आजको स्थितिमा विभिन्न पुराण, वशांवली, लोककला र संस्कृति आदिको पनि भरपर्नु आवश्यक हुन्छ। नेपालको अध्ययनबारे अनेर्को देशी र विदेशी विद्धानहरूले यथेष्ट प्रयास अझै अपर्याप्त छन्। त्यसकारण यो खोजको प्रक्रिया जारी नै रहने कुरा निश्चित छ।

नेपालमा मानिसको अस्तित्व आदिम नर-वानरदेखि जंगली अवस्थासम्म र त्यसयता पनि निरन्तर कायम रहिआएको छ। बुटवलको उत्तरतिर प्राप्त करिब एक करोड दशलाख वर्ष अघिको नर-वानरको देब्रे बंगरो, बर्दिया र नबलपरासीमा प्राप्त २ देखि ५ लाख वर्षबीचका र बूढानीलकण्ठमा प्राप्त ईापू। ३०,००० का मानिने पाषाणकालीन र थानकोट तथा नवलपरासीमा प्राप्त ईापू। ५००० तिरका नवपाषणकालिन सामग्री र ढुंगे उपकरणबाट यसै कुराको पुष्टि हुन्छ।

नृवंशास्त्रीहरूको भनाइअनुसार हिमाली उपमहाद्वीपमा पुरापाषाणकालमा नग्रिटो (निषाद), नव-पाषाणकालमा अष्ट्रिक (अग्नेय), त्यपछि द्रविड तथा मंगोल किरात, पश्चिमी आयत मुण्ड अर्थात् ककेशीयनको प्रवेश भएको थियो। यो तमाम प्रजातिहरूका बीच रक्तमिश्रण भएर अर्को नयाँ प्रजातिको उत्पात्ति पनि भएको पापइन्छ। यी सबै प्रजाति नेपालमा पनि प्रारम्भदेखि नै पाइन्छन्। पौराणिक मान्यता र वंशावलीअनुसार नेपालमा आदिवासीका रूपमा यक्ष, गन्दर्भ, किन्नर, नाग आदि समुदाय रहेको पाइन्छ। कतिपय विचारकहरू के भन्दछन् भने नेपालमा पाइने मूल निवासी कोल हुन् र यिनलाई कतिले नेग्रिटो र अष्ट्रिकको रक्तसंमिश्रण पनि भन्दछन्। सम्भवतः यी गोपाल, महिषपाल, आभीर आदि पनि हुनसक्दछन्। यद्यपि यहाँ बाहिरबाट थुप्रै मानवसमुदायको प्रवेश भएको पाइन्छ। तर उक्त नरवानरको अवशेष र पाषाणकालीन तथा नव-पाषणकालीन औजारहरूका आधारमा हेर्दा यहाँ पनि प्रारम्भदेखि नै मानवसमुदायको अस्तित्व रहेको अनुमान गर्न सकिन्छ। यहाँसम्म कि केही उत्साही लेखकहरूले बुटवलको रामपिथेकसलाई मानवका पुर्खा घोषित गरेर नेपाललाई प्रथम मानवको उद्गमस्थल मान्न पुगेका छन्।

नेपालमा मानवसमुदाय यस प्रकारका प्रजाति हुँदै कविला, जनजाति, जाति, र वर्गका रूपमा विविध ढंगले विकसित हुँदै आएको छ। नेपालको नाम पहिले किरात देश, हिमवत खण्ड आदि रहेको छ। अथर्व परिशिष्टमा कामरूप (आसाम)को परिश्चम, मिथिला, अवन्ती (विन्ध्याचल क्षेत्र) को उत्तर, पञ्जाबको पर्वतिर र उत्तर हिमालसम्म नेपाल रहेको संकेत पाइन्छ। चिनियाँ यात्री हु एन साङ्गेले नेपालको परिधि ४ हजार ली (करीब ६६७ मील) रहेको बताएका छन्। यसरी हेर्दा पहिले नेपालको क्षेत्र ठूलै थियो। आज मेची-महाकाली बीचमा जसरी यो देश अवस्थित छ त्यसैलाई हामीले नेपालको अध्ययनको आधार बनाउनु ठीक देखिन्छ।

संस्कृति र सभ्यतासम्बन्धी अवधारणा

संस्कृति भनेको समाजको ऐतिहासिक विकासको प्रक्रियामा निर्मित भौतिक तथा आत्मिक मूल्यहरूको संश्लेषण हो। संस्कृतिको निर्माण श्रमप्रक्रियाका बीचबाट हुन्छ। संस्कृतिको सामान्य अर्थ निर्माण, रचना, परिस्कृति वा परिमार्जन हुन्छ। संस्कृति अन्तर्गत मूलतः विचार, आचार, मूल्य, मान्यता, रीतिरिवाज, चालचलन, कला आदि आउँछन्। माओको भनाइमा संस्कृति भनेको सम्बन्धित समाजको अर्थतन्त्र र राजनीतिको विचारधारात्मक प्रतिबिम्बन हो। अमेरिकी समाजशास्त्री मोर्गनका भनाइहरूको सार खिँच्तै एङ्गेल्स के भन्नुहुन्छ भने मानवजातिले जंगली युग र बर्बर युग पार गर्दै सभ्यताको युगमा प्रवेश गरेको हो। जंगली युग भनेको प्राकृतिक वस्तुहरूको अरु बढी प्रशोधन गर्ने कलामा दक्षता प्राप्तिको अवधि हो। वास्तविक अर्थमा उद्योग र कलाको विकासको अवधि हो।

मानवजातिको विकासका तीन मुख्य चरणअनुरूप विवाहका पनि तीन ओटै मुख्य रूप देखा पर्दछन्। एङ्गेल्स भन्नुहुन्छ- ''जङ्गली युगमा समूह-विवाह प्रचलित थियो। बर्वर युमा युगल विवाह प्रचलित थियो र सभ्य युगमा एकनिष्ठ विवाह प्रचलित छ।''

संस्कृति र सभ्यता परस्पर सम्बन्धित छन्। सभ्यताको जन्म सामाजिक श्रमविभाजनसँगै व्यक्तिगतम सम्पत्ति, वर्गहरू र राज्यसत्ताको उदयका बीचबाट हुन्छ।

नेपाली समाज र संस्कृतिको विकासको लामो ऐतिहासिक प्रक्रिया रहेको छ। नृवंशास्त्री तथा इतिहासविद विद्धानहरूको भनाइअनुसार हिमाली उपमहाद्वीप अर्थात् सिंगो भारतवर्षमा पाँच प्रकारका मानवप्रजातिहरू पाइन्छन्। ती हुन्- निग्रेटो, अष्ट्रिक, द्रविड, मंगोल र आर्य। निग्रेटो अफ्रिकाबाट आएका थिए। यिनले यहाँ धनुकाण र वृक्षपूजाको परम्परा ल्याएका थिए। यिनका अवशेष अण्डमान निकोवार, कोचन, बिहारको राजमहल क्षेत्रमा बस्ने आदिवासी र असमका अंगामी नागाका रूपमा पाइन्छन्। सप्त सिन्धु क्षेत्रमा बस्ने अष्ट्रिक पश्चिम एसियाबाट आएका थिए। भनिन्छ, यिनले कोदालोले खन्ने र कपासको खेती गर्ने परम्पराका सथै तोरी, केरा, नरिवल, मास, सुपारी, सिन्दुर, बेसार पनि ल्याइका थिए। साथै, हात्तीपालन, नाग, बाँदरको पूजा, भाकल गर्ने, देउराली थाप्ने चलन र पूर्वजन्म, पुनर्जन्मको मान्यता यिनकै देन हुन्। आष्ट्रिक समुदायका अवशेषका रूपमा कोल, सन्थाल, सुण्डा, शबर आदिलाई लिने गरिन्छ। यसैगरी सिन्धुक्षेत्रमा बस्ने अर्को महत्वपूर्ण समुदाय द्रविड हो, जुन भूमध्यसागरीय क्षेत्रबाट आएको थियो। यसलाई दास, दस्यु पनि भन्ने गरिएको थियो। यसले नगरको अवधारणा, पूजा शब्द, विष्णुलक्ष्मी आदिको पूजा-परम्परातिरबाट यो उपमहाद्वीपमा आउने अर्को मानवसमुदाय आर्य हो। आर्यहरूको एउटा विशाल शाखाले यहाँ वर्णाश्रम व्यवस्था, यज्ञ, होमलगायतका मान्यता, कला र दर्शन विकसित तुल्याउने काम गरेको थियो। आर्य आउनुभन्दा पहिले यो क्षेत्रमा उत्तरी र पूर्वी भागबाट मंगोल समुदाय आएको थियो। त्यो हिमालको दक्षिणी भेगमा पूरै फैलिएर बसेको थियो। कतिले यो समुयादलाई किरात पनि भन्दछन्। प्रकृति पूजा, नारीप्रति सम्मानभाव आदि अवधारणा मूलतः यसै समुदायसँग सम्बिन्धित मानिन्छन्।

***नेपाली समाजको ऐतिहासिक अध्ययन***

नेपालको इतिहासबारे द्वन्द्वात्मक भौतिवादी विश्वदृष्टिकोणका आधारमा अध्ययन गर्ने काम कमरेड पुष्पलाल श्रेष्ठबाट थालिएको थियो। वहाँबाट लेखिएका ''नेपालमा मातृसत्तात्मक समाज, राजतन्त्रको उत्पत्ति, विकास र भविष्यलगायतका रचनाहरू विशेष उल्लेखनीय रहेका छन्। यसै सन्दर्भमा नेकपा ९माओवादी० का अध्यक्ष काप्रचण्डले समाजको ऐतिहासिक विकासको प्रक्रिया, वर्गविश्लेषण र क्रान्तिका प्रेरक शक्तिहरूबारे राम्रो प्रकास पारेर उल्लेखनीय भूमिका देल्नुभएको छ। यो क्षेत्रमा मोदनाथ प्रश्रित, सीताराम तामाङ्ग जस्ता विद्वानहरूको भूमिका पनि उल्लेखनीय छ। मार्क्सवादी मान्यताअनुसार सामान्यतः समाज विकासको ऐतिहासिक प्रक्रियालाई मातृगणसत्ता, पितृगणसत्ता, दासस्वामी समाज, सामन्तवादी समाज, पुँजीवादी समाज, समाजवादी समाज र साम्यवादी समाजका रूपमा प्रस्तुत गर्न सकिन्छ। परन्तु यसलाई यान्त्रिक अर्थमा ग्रहण गर्न हुँदैन। मार्क्सको भनाइअनुसार इतिहासको विकास प्रक्रियामा मोटामाटी रूपमा एसियाली, प्राचीन, सामन्ती एवम् आधुनिक पुँजीवादी उत्पादन प्रणालीहरू समाजको आर्थिक संरचनाका अनुक्रमिक युग मानिन्छन्। विकासको प्रारम्भिक रूप आदिम साम्यवाद हो र त्यसको विकसित रूप भाविष्यमा विकसित हुने समृद्ध साम्यवाद हो।

मानव समुदायको घुमन्ते र शिकारी अवस्थाबाट पशुपालन र कृषिको अवस्थामा प्रवेश भएपछि नै उसको बसाइमा प्रादेशिक स्थिरताको प्रक्रिया विकसित भएको हो। यो प्रक्रिया र राज्यसत्ता बेनपछि पनि एक-अर्को ठाउँमा सर्ने र आक्रमण गर्ने गरेर मानिसले अर्को ठाउँलाई विजित प्रदेश तुल्याउने हुँदा संस्कृति र विचारको क्षेत्रमा एक-अर्काले प्रभवि पार्ने प्रक्रिया निरन्तर चल्दै आएको पाइन्छ। समाजको विकास प्रक्रियालाई यान्त्रिक र अधिभूतवादी ढंगले लिनु हुँदैन। विभिन्न देशमा समाज विकासको प्रक्रिया विशिष्ट प्रकारको हुने गर्दछ। नेपालमा पनि ठीक यही कुरा लागु हुन्छ।

*स्रोतः नेपाली समाज र संस्कृति ऽ एक संक्षिप्त अध्ययन*

## रामेछापमा ९ दलको बिरोधसभा सम्पन्न

# भारतीय सीमा अतिक्रमण र अमेरिकी नियोगसँग गर्न लागेको एमसीसी सम्झौताको बिरोध




रामेछापको सदरमुकाम मन्थलीमा फागुन ८ गते नौ दलले भारतीय सीमा अतिक्रमण र अमेरिकी नियोगसँग गर्न लागेको एमसीसी सम्झौताको बिरोधमा कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको जानकारी प्राप्त भएको छ ।

९ दलले काठमाडौं उपत्यकामा बिभिन्न कार्यक्रम गरिरहेको सन्दर्भमा सोही कार्यक्रम जिल्ला ब्यापी बनाउदै लैजाने गरी कार्यक्रमहरू अन्य जिल्लामा जस्तै रामेछापमा पनि तय गरिएको हो । त्यसै अनुरूपको यो कार्यक्रम मन्थलीमा ९ दलको जिल्लास्तरीय कार्यक्रम भएको संयुक्त गठबन्धनमा रहेका नेकपा (क्रान्त्रिकारी माओवादी) जिल्ला सचीव लाङघाली मगरले जानकारी दिएका थिए ।

कार्यक्रममा बोल्ने सबै बक्ताहरूले भारतीय सीमा अतिक्रमण र अमेरिकासँग हुन लागेको एमसीसी सम्झौता बिरुद्ध जनतालाई जानकारी गराउनु कार्यक्रमको एउटा उद्देश्य रहेको बताएका थिए । नेकपा(क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य गणेस खड्गी, नेकपा मालेका केन्द्रीय सदस्य मोहन कार्की, र राष्ट्रिय जनमोर्चाका जिल्ला उपाध्यक्ष अर्जुन थापाले कार्यक्रमलाई सम्बोधन गरेका थिए ।

बक्ताहरूले भारतले नेपालको लिपुलेक लिम्पियाधुरा अतिक्रमण गरेको नेपाली भुमि तत्काल फिर्ता गराउन भारतसँग कुटनीतिक पहल गर्नुपर्ने र कुटनीतिक पहल गर्दा पनि नेपालको भुमि भारतले फिर्ता नगरे नेपालले उक्त नेपालको अतिक्रमित भुमिलाई अन्तराष्ट्रिय करण गरेर भएपनि फिर्ता गराउन भारतमाथि अन्तराष्ट्रिय दवाव सृर्जना गराउन, साथै नेपालको सर्वभौमसत्ता सम्पन्न राष्ट्रलाई नै समाप्त गर्ने गरि आएको अमेरिकी नियोगको एमसीसी सम्झौता गर्न नहुने भन्दै बिरोध गरेका थिए । कार्यक्रममा स्थानीय जनता र जिल्लाका टाढा टाढाबाट आएका रामेछापका जनताहरूको उल्लेखनीय मात्रामा सहभागिता रहेको थियो । सो कार्यक्रमलाई देशभक्त नेपाली जनताको कार्यक्रम भएको बक्ताहरूले कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा बताएका थिए । कार्यक्रमको संचालन नेकपा (क्रान्त्रिकारी माओवादी) जिल्ला सचीव लाङघाली मगरले गरेका थिए

# उदयपुरको गाईघाटमा नौ दलको विरोधसभा सम्पन्न




● **मधुकर थापा**

गाईघाट । 'लिपुलेक ,कालापानी र लिम्पियाधुरा लगायत गुमेको भुमी फिर्ता गर, अमेरिका सित गरेको एमसीसी सम्झौता तुरुन्त खारेज गर' भन्दै उदयपुरका नौ दलले बिहीबार सदरमुकाम गाइईघाटमा संयुक्त विरोध सभा सम्पन्न गरेका छ्न् ।

देजमो उदयपुरका अध्यक्ष लिल ब. बि.क.ले संचालन गर्नु भएको उक्त बिरोध सभालाई नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम तथा १ प्रदेशका इन्चार्ज मिनकुमार राउत, नेकपा मालेका राम प्रशाद चौलागाई,नेकपा मशालका जिल्ला प्रबक्ता लिल कुमार राई,जन समाजवादीका के.स. मनकुमार राई लगायत नेताहरूले सम्बोधन गरेका थिए ।

उक्त बिरोध सभालाई सम्बोधन गर्दै क्रान्तीकारी माओवादीदका नेता राउतले बर्तमान ओलि सरकारले नेपालको कालापानी लगायतको भुमी भारतलाई बेचेको आरोप लगाउँदै अहिलेसम्म गुमेको हाम्रो भुमी फिर्ता गर्न अझै बलिदानीको खांचो रहेको औंल्याए । उनले हालै अमेरिकासित गरिएको एमसीसी संझौताले देश नवउपनिवेशमा परिणत हुने भएकोले उक्त सम्झौता कथित सदनले पास गर्न नहुने कुरामा जोड दिए ।

# क्रान्तिकारी धातु तथा हस्तकला मजदुर संघको भेला सम्पन्न, दिनेश थापाको नेतृत्वमा ११ सदस्यीय कमिटि गठन



ललितपुर । अखिल नेपाल क्रान्तिकारी धातु तथा हस्तकला मजदुर संघको प्रथम भेला ललितपुरको ग्वार्को स्थित स्टार फुडल्याण्डमा सम्पन्न भएको छ ।

भेलाले दिनेश थापाको संयोजकत्वमा ११ सदस्यीय राष्ट्रिय सम्मेलन आयोजक समितीको गठन समेत गरेको छ । भेलामा नेपाली मजदुरहरूको गौरवशाली सङ्गठन अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष एवं प्रमुख अतिथी ईश्वर तिमिल्सिना, महासंघका महासचिव वसन्त बोगटी, महासंघका केन्द्रीय सचिवालय सदस्य दिनेश बर्तौला, ढोगप्रसाद अधिकारी, कुमार घताने सहितले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

नव गठित समितिलाई अखिल नेपाल महिला संघ क्रान्तिकारीका ३ नम्बर प्रदेश संयोजक रूपा गेलाल र देजमो ललितपुरका अध्यक्ष ईन्दिरा अधिकारिले वधाई सहित शुभकामना मन्तव्य दिएका थिए ।

## संसद...

छ । चैत्र २४ पछि उसले 'लिम्पियाधुरा जाऔं' अभियान सञ्चालन गर्ने बताएको छ ।

यता दश दलीय मोर्चाको शनिबार सम्पन्न बैठकले संसद भवन घेराउदेखि नेपाल बन्द सम्मका संघर्षका कार्यक्रम घोषणा गरेको छ । बैठकले गरेका निर्णयहरूलाई मोर्चाको तर्फबाट देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले एक वक्तव्यमार्फत् घोषणा गरेका छन् ।

वक्तव्यका अनुसार अमेरिकी सरकारको एम.सी.सी.परियोजनासँग नेपाल सरकारले गर्न खोजेको राष्ट्रघाती सम्झौता खारेज गर्ने तथा भारत सरकारद्वारा लिम्पियाधुरा-कालापानी-लिपुलेक भारतको राजनीतिक नक्शामा मिलाइएको र कालापानीमा भारतीय सेना राखिएको बिरोधमा केही महिनादेखि निरन्तर संचालन गरिएको विरोध कार्यक्रमलाई अझ सशक्त बनाउने उद्देश्यले राष्ट्रघाती एम.सी.सी.सम्झौता संसदबाट स्वीकृत र पारित नगर्नका लागि सबै संघीय सांसदहरूलाई अनुरोध गर्दै पत्राचार गर्ने, फागुन १५ गते सर्वपक्षीय अर्न्तक्रिया कार्यक्रमको आयोजना गर्ने, आगामी फगुन १५ गते भित्र देशका सबै स्थानीय निकायमा पहिलेकै विधिद्वारा प्रदेश समितिहरूले समायोजन गरी बिरोध प्रदर्शनलाई सशक्तरूपमा सम्पन्न गर्ने, आगामी फागुन १६ गते संसद भवन घेराउ गर्ने, राष्ट्रिय सार्वभौमिकता र अखण्डतामाथि नै चुनौती खडा भएको अहिलेको अवस्थामा संघर्षको उच्च रूप 'नेपाल बन्द'को कार्यक्रमको आयोजना गर्ने ठेगान गरिएको छ ।

बैठकले यो महत्वपूर्ण कार्यक्रमलाई सफल पार्नका निमित्त सबै देशभक्तहरूलाई बैठकले जोडदार रूपमा आह्वान गरेको वक्तव्यमा उल्लेख गरिएको छ ।

मोर्चाको बैठकले 'नेपाल बन्द'को मिति र ठोस योजना आगामी फागुन १३ गते बस्ने बैठकले तय गर्ने निर्णय गरेको उल्लेख गरिएको छ ।

मोर्चाको जारी आन्दोलनमा जनसमर्थन र जनसहभागिता बढेर गएको बताइएको छ । एमसीसी संसदबाट पास गर्न अमेरिकाले दबाब बढाइरहेको र नेपालका शासकहरू समेत जसरी पनि पास गर्न तयार भइरहेको अवस्थामा दश दलीय मोर्चाको आन्दोलनप्रति राष्ट्रिय स्वाधीनताका पक्षधर आम स्वाभिमानी नेपालीहरूले आशाको नजरले यो आन्दोलनलाई हेरिरहेका छन् ।

हालै ललितपुरको लगनखेलमा सञ्चालन गरेको जनसंवाद कार्यक्रम र माइतीघर मण्डलाबाट विरोध ऱ्यालीसहित नयाँ बानेश्वरमा गरेको विरोध सभामा पनि जनसमुदायले आन्दोलनलाई सशक्त रूपमा अगाडि बढाउन सुझाब समेत दिएका थिए ।

## अखिल...

किराँत लिम्बुवान ताम्सालिङ्ग, नेवाँ, मगरात, तुमुवान र थारुवान घोषणा गरेर जातीय पहिचानको आधारमा राज्य धोषणा गरेर हिडेको प्रचण्ड शान्ति प्रक्रियामा आएपछि ती सवै र्विसेर पहिचान विरोधी संरचना र प्रतिगामी संविधान निर्माण गरेका छन् । जातीय पहिचानको आधारमा राज्यहरू निर्माण गर्नु भनेको एकल जातीय राज्य बनाउनु होइन, दुनियाँमा, अमेरीका, बेलायत, भारत लगायत सवै संघीय राज्यमा भाषा र जातीय पहिचानको आधारमा राज्यहरू निर्माण भएका छन् । यसर्थ यो १ नं. प्रदेशको नाम किराँत, लिम्बुवान हुनु पर्छ भन्ने माग हामी गर्दछौ । नेपालमा पहिचान हुन नदिनु भनेको सामान्ति संर्किण वाहुनवादी सोंचाई हो । यी हाम्रा अन्तरीक समस्या जटिल छदाछदै यति बेला हाम्रा भूमि मिचिएका छन् । एमसीसीं जस्तो राष्ट्रघाती सम्झौताहरू भएका छन् । यसले हाम्रो स्वाभिमान गुमाएको छ । त्यसकारण हामी सवैले यति वेला सवै एक जुट भै राष्ट्रियताका लागी लडनु पर्ने भएको छ । अर्का अतिथिवक्ता महासंधका महासचिव नगेन्द्र राईले उत्पीडीत जातीको आत्मनिर्णयको अधिकार स्वशासन, पहिचान र राज्य सत्तामा पहुँचको लागि आदिवासी दलित, मधेसी उत्पीडीत वर्ग समुदायले धेरै आन्दोलनहरू गरेका थिए । सवै अन्दोलनहरूमा त्याग र वलिदान गरेका छन् । आन्दोलनहरूबाट राजनैतिक परिर्वतन भएको छ । तर उनीहरूलाई हक अधिकार विहिन बनाइएका छन् । सत्ताबाट वाहिर नै पारीएको छ । केवल उनीहरूलाई उपयोग मात्र गरिएको छ । अब कतिन्जेल गुलियो कुरा र मिठो सपनामा भुल्ने हो । सचेत हुने बेला भएको छ । व्राम्हणवादी सत्ताले राज्यको संरचना र त्यसको नामाकरण गर्दा पहिचान मेटने र अधिकार खोस्ने काम गरेको छ । यदि यो प्रदेशको नामाकरण किराँत, लिम्बुवान, कोचिलाको ऐतिहासिक नामबाट राखिएन भने हामीलाई सहय हुने छैन ।

हामीले अहिले सानो शान्तिपूर्ण आन्दोलनको मध्यमबाट सरकारलाई खवरदारी गरी रहेका छौ तर यसलाई हाम्रो कमजोरीको रूपमा राज्यले लिएको हो भने राणा शाही, २५० वर्ष राजतन्त्रलाई जुन तरिकाले नेपाली जनताले हटाए त्यसरी नै सामन्ति व्राम्हणवादलाई पनि हटाउने छ । यसका साथै यतिबेला नेपालको राष्ट्रिय स्वाधीनता गम्भिर संकटमा परेको छ । हाम्रो सिमा मिचिएको छ। लिम्पियाधुरा, लिपुलेक, कालापानी अतिक्रमित भएको छ । सरकार मौन छ । त्यसका साथै एमसीसी जस्तो राष्ट्रधघाती संन्धी गरेको छ । त्यस सम्झौताले हाम्रो संविधान कानुनलाई नै निस्कृय वनाउने काम गरेको छ । हिंन्दु प्रशान्त रणनितिको यो परियोजना अंग भएकोले यस अन्तगर्त अमेरीकी सेना नेपाल प्रवेश गर्ने र चीनलाई घेरने निति अन्तगर्त रहेको छ । यस्तो स्थतिमा हाम्रो मुलुक शक्ति राष्ट्रहरूको रण मैदान हुने निश्चित छ । त्यसैले सम्पूर्ण आदिवासी जनजाती तथा देशभक्त जनतान्त्रिक शक्तिहरू मिलेर राष्ट्र बचाउने हाम्रो कतर्व्य हुन आउछ , भने । अर्को अतिथि नेकपा क्रान्तिकारी मओवादी प्रदेश नं. १ का इन्चार्ज मीनकुमारले यो सरकारले भष्ट्राचार, हत्या, हिंसा, वलात्कार, कर वुद्धि, महङगी,कालाबजारी र राष्ट्रधात गरेको छ, एमसीसीजस्तो राष्ट्रघाती सम्झौता संसदबाट पास गर्न खोजिरहेको छ । यसका विरुद्धमा हाम्रो पार्टीले देशभरी विरोध अभियान सञ्चालन गरिरहेको छ । राष्ट्रधात गर्न र जनधात गर्न सरकारलाई एक मिनेट पनि सत्तामा बस्ने अधिकार छन भनेर उनले आफनो मन्तव्य व्यवक्त गरेका थिए । अर्को अतिथिवक्ता देजमो सचिवालय सदस्य गणेश कटुवालले एमसीसी परियोजना नेपाली जनताको चाहना र प्राथमिकता क्रमको विकास होइन । यो सत्तासीन दलहरूको स्वार्थ पूर्ति गर्नका लागी मात्र यो राष्ट्रघाती सम्झौता गरीएको हो । यो परियोजनामा जम्मा ४१ प्रतिशत मात्र विकासमा लगानी हुने छ बाँकी सवै अमेरीकी कर्मचारीको तलब, भत्ता, सेवा, सुविधामा खर्च हुनेछ र यो परियोजनाका नेपाल सरकारको १३ अरब खर्चहरू हुनेछ र त्यसको लेखाजोखा, हिसाब, किताब, लेखा परिक्षण अमेरीकी कम्पनीले मात्र गर्न पाउने प्रावधानले हाम्रो पैसा सगँसगै हाम्रो राष्ट्रिय स्वाधिनता पनि डुब्ने सम्भावना छ भनेर भने । त्यसैगरी अर्का वक्ता नेकपा (क्रान्तिकारी मओवादी) जिल्ला सचिवले पनि वोलेका थिए । विरोध सभाको अध्यक्षता १ नं.प्रदेश समितिका अध्यक्ष केवि फुदोङ्गले गरेका थिए भने कार्यक्रमको सञ्चालन सचिव गौरव राईले गरेका थिए ।

## एमसीसी...

चलिरहेको र सडकमा एमसीसी खारेजीका लागि क्रान्तिकारी माओवादी लगायतको आन्दोलन चर्किरहेको बेला अमेरिकी उच्च प्रतिनिधिहरूको नेपाल भ्रमण बाक्लिएको छ। एमसीसीका सहायक उपाध्यक्ष जोनाथन ब्रुक्स प्रधानमन्त्री र नेकपाका वरिष्ठ नेताहरूलाई भेटेर वासिङ्टन फर्केको दुई साता नपुग्दै अमेरिकाबाट फेरि अर्को उच्चस्तरीय टोली काठमाडौं आइपुगेको छ ।

माघ २४ मा आएका ब्रुक्सले प्रधानमन्त्री केपी शर्मा ओली, अर्थमन्त्री युवराज खतिवडासहित नेकपाको एमसीसी अध्ययन कार्यदल संयोजक झलनाथ खनाल तथा सदस्यद्वय प्रदीप ज्ञवाली (परराष्ट्रमन्त्री) र भीम रावललाई भेटेका थिए। उनले भेटमा एमसीसी सम्झौतालाई जतिसक्दो छिटो संसद्बाट अनुमोदन गरेर कार्यान्वयनमा लानुपर्नेमा जोड दिएका थिए। प्रधानमन्त्री ओली र अन्य मन्त्रीले पनि सम्झौता संसद्बाट छिट्टै अनुमोदन हुने प्रतिबद्धता व्यक्त गरेका थिए।

अमेरिकी कंग्रेसका सदस्यद्वय अमी बेरा र जर्ज होल्डिङ बिहीबार चारदिने भ्रमणमा काठमाडौं आइपुगेका छन्। उनीहरूले प्रधानमन्त्री ओली, परराष्ट्रमन्त्री ज्ञवाली र अर्थमन्त्री खतिवडालाई छुट्टाछुट्टै भेटेर एमसीसी सम्झौताकै विषयमा छलफल गरेका छन्। बेरा र होल्डिङले प्रधानमन्त्री ओलीलाई बिहीबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा भेटेका थिए भने परराष्ट्रमन्त्री ज्ञवाली र अर्थमन्त्री खतिवडालाई सिंहदरबारस्थित उनीहरूकै कार्यकक्षमा भेटेका थिए। ओली, ज्ञवाली र खतिवडाले अमेरिकी सांसदद्वयलाई एमसीसी सम्झौता छिट्टै अनुमोदन हुनेमा ढुक्क रहन आग्रह गरेका छन्। बेरा र होल्डिङले एमसीसी सम्झौता अनुमोदनले दुई मुलुकबीचको सम्बन्ध निर्धारण गर्ने बताएका छन्।

हरेक भेटमा प्रधानमन्त्री ओलीसहित अन्य मन्त्रीले एमसीसी सम्झौता छिट्टै अनुमोदन भएर कार्यान्वयनमा जाने उल्लेख गर्दै आएका छन् तर नेकपाभित्र एमसीसी सम्झौतालाई संसद्बाट अनुमोदन गर्ने कि नगर्ने भन्ने विवाद नसुल्झिएकाले अमेरिकाको शंका नहटेको हो। त्यसैले अमेरिकाले राजदूतस्तरमा मात्र नभई राजनीतिक र उच्च अधिकारीहरूलाई नै वासिङ्टनबाट काठमाडौं पठाएर लबिइङ बढाएको हो।

अमेरिकी राजदूत 'यान्डी बेरीले माघको सुरुआतमै नेकपाका अर्का वरिष्ठ नेता माधवकुमार नेपालसँग उनकै निवास कोटेश्वरमा पुगेर एमसीसी सम्झौताको विषयमा कुरा राखेका थिए। नेता नेपालले त्यतिबेला एमसीसी सम्झौतालाई लिएर नेकपाभित्र कार्यदल गठन गरी सुझाव पेस गर्न भनिएको उल्लेख गर्दै सुझाव आएपछि सम्झौतालाई अघि बढाउने बताएका थिए।

सरकारको दुईवर्षे कार्यकालमा एमसीसी सम्झौतालाई लिएर प्रधानमन्त्री ओलीलाई भेट्न नेपालका लागि अमेरिकी राजदूत 'यान्डी बेरी आधा दर्जन पटक बालुवाटार छिरिसकेका छन्।

हरेक भेटमा ओलीले बेरीलाई संसद्बाट एमसीसी सम्झौता छिट्टै अनुमोदन हुनेमा विश्वस्त पार्दै आइरहेका छन्। तर झलनाथ खनाल नेतृत्वको अध्ययन कार्यदलले प्रतिवेदन बुझाउँदै संशोधन नगरी एमसीसी सम्झौता पास गर्न नहुने निष्कर्ष निकालेको छ।

# 'सांस्कृतिक रूपान्तरण'सम्बन्धी वृहद् अन्तरक्रिया कार्यक्रम सम्पन्न





इच्छुक सांस्कृतिक प्रतिष्ठान र गण्डकी साहित्य सङ्गम पोखराको संयुक्त आयोजनामा शनिबार सांस्कृतिक रूपान्तरण सम्बन्धी वृहद् अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । पोखराको लेकसाइड स्थित विजय ढकाल स्मृति पार्कको सभाहलमा सम्पन्न कार्यक्रममा बोल्ने बक्ताहरूले नेपालको कम्युनिष्ट आन्दोलनमा सांस्कृतिक क्रान्ति एक साथ नचलाउँदा कम्युनिष्ट आन्दोलनले गति लिन नसकेको र त्यसले सर्वहारा वर्गीय चरित्र गुमाएको निष्कर्ष निकाले । कम्युनिष्टहरू भौतिकवादी हुनु पर्नेमा नेपाली कम्युनिष्ट आन्दोलनका अग्रज नेताहरूले अध्यात्मवादलाई त्याग्न नसक्दा कम्युनिष्ट आन्दोलन नै विकृत बन्न पुगेको बक्ताहरूको ठहर थियो ।

'सांस्कृतिक रूपान्तरण' विषयक बृहद् अन्तरक्रिया कार्यक्रममा सात जना वक्ताहरूले छुट्टाछुट्टै विषयमा आ-आफ्ना धारणाहरू प्रस्तुत गरेका थिए । जसअनुसार 'संस्कार र चाडपर्व'मा डा.कृष्णराज अधिकारी, ' शब्द र कर्म'मा रोशन जनकपुरी, 'धर्म र संस्कृति' विषयमा आहुती, 'पठन र लेखन संस्कृति'मा डा.अमर गिरी, 'विश्वास र विचारधारा' विषयमा प्रा.डा.ताराकान्त पाण्ड्येय र 'लैङ्गिक विभेद र संस्कृति' विषयमा बन्दना ढकालले आ-आफ्ना विचार प्रस्तुत गरेका थिए । प्रमुख वक्ताका रूपमा मार्क्सवादी सौन्दर्य चिन्तक, सांस्कृतिक आन्दोलनका अभियन्ता निनु चापागाइँले समग्र विषयको सारसङ्क्षेपमा सांस्कृतिक रूपान्तरणको आन्दोलनमा कम्युनिष्टहरूले खेल्नुपर्ने भूमिकाका विषयमा विचार व्यक्त गरेका थिए ।

सांस्कृतिक रूपान्तरणसम्बन्धी बहसमा प्रमुख बक्ताका रूपमा आफ्ना विचार प्रस्तुत गर्दै निनु चापागाइँले भने 'नेपालका कम्युनिष्ट आन्दोलनका नेता कार्यकर्ताहरू सांस्कृतिक रूपबाट रूपान्तरण हुन नसक्नु भनेको वर्गप्रति इमान्दार, प्रतिवद्ध र भौतिकवादी हुन नसक्नु हो ।' उनले अहिलेको सत्तासिन कम्युनिष्ट पार्टी र सरकारप्रति लक्षित गर्दै अगाडि भने ' यो व्यवस्था र संस्कृति मुलतः प्रतिक्रियावादी नै हो ।' सो अवसरमा बोल्दै चापागाइँले सांस्कृतिक रूपान्तरणका ठूला बाधक भनेका सत्तासिन शासकहरू भएको बताए । उनले धर्म र संस्कृति अलग कुरा भएको बताउँदै नेपाली कम्युनिष्ट आन्दोलनमा लागेका अभियन्ताहरूले धर्म र संस्कृतिलाई एकैठाउँमा घालमेल पार्दा तलतल समस्या पैदा भएको बताए ।

अन्तरक्रिया कार्यक्रममा आफ्नो विषयमा धारणाहरू राख्दै प्रा.डा. ताराकान्त पाण्डेयले कम्युनिष्ट आन्दोलनमा सांस्कृतिक रूपान्तरणको समस्याबारे बताउँदै विश्वासको सङ्कटले नै विचारधारामा समस्या पैदा गरेको औँल्याए । उनले अगाडि भने 'विश्वासहरू बलिया हुँदै जाँदा त्यसले विचारको रूप ग्रहण गर्छ र त्यो संस्कृतिमा रूपान्तरण हुन्छ । कम्युनिष्ट आन्दोलन भनेको विचारधाराको आन्दोलन हो, त्यो वर्गीय पक्षधरतामा आधारित हुन्छ । त्यसैले वर्गीय संस्कृतिप्रति प्रतिबद्ध भएर मात्रै सांस्कृतिक रूपान्तरण गर्न र कम्युनिष्ट आन्दोलन सफल पार्न सकिन्छ ।' अर्का वक्ता डा. अमर गिरीले औपचारिक शिक्षाको डिग्रीले पठन र लेखन संस्कृतिको मापन नहुने भन्दै पठन र लेखन संस्कृति भनेको जीवन र जगतलाई बुझ्ने निरन्तरको साधनासहितको अनौपचारिक शिक्षा हो भने । उनले अहिले कम्युनिष्ट आन्दोलनमा पठन संस्कृति स्खलित हुँदै जानु भविष्य निर्माणका निम्ति डरलाग्दो तस्विर हो भने ।

अन्तरक्रियामा धर्म र संस्कृति विषयमा आहुतीले विचार प्रस्तुत गरेका थिए । संस्कृतिका निम्ति धर्म नभएर विचारधारा चाहिने उनको तर्क थियो । उनले अहिलेका सत्तासिन कम्युनिष्टहरू धर्म प्रचारका प्रवक्ता भएको औँल्याउँदै जनयुद्ध गरेर आएका प्रचण्ड सुत्नेबेला आध्यात्मिक गुरुका प्रवचन सुनेर निदाउने गरेको बताए । यसो हुनुमा उनमा आएको भौतिकवादी दर्शनप्रतिको विचलन भएको बताए । सो अवसरमा बोल्दै रोशन जनकपुरीले शब्दहरू व्यवहारबाट टाढिँदै गएको र कम्युनिष्ट आन्दोलनका अगुवा नेतृत्वहरूले आफूलाई विशिष्टिकरण गर्दै जाँदा उनीहरू निर्जिव बस्तुमा रूपान्तरण भएको तर्क प्रस्तुत गरे । 'शब्द र कर्मका बिचमा तादात्म्यता नहुनु नेपाली कम्युनिष्ट आन्दोलनको मुख्य समस्या हो' जनकपुरीले भने ।

नेपालमा चलनचल्तीमा आएका हिन्दू धार्मिक चाडपर्वहरू समाज रूपान्तरणका निम्ति वाधक भएकाले त्यस्ता रुढीवादी परम्परा हटाउँदै जानुपर्नेमा डा.कृष्णराज अधिकारीले जोड दिए । यसैगरी लैङ्गिक विभेदको पर्खाल कम्युनिष्ट आन्दोलनमा लागेका नेताहरूमै रहेको प्रमुख समस्या हो भन्दै बन्दना ढकालले यदि नेपाली समाजको रूपान्तरण गर्ने हो भने पहिला नेताहरूले नै आ-आफ्ना घरबाट महिलाप्रतिको विभेद हटाउनुपर्ने औँल्याइन् ।

उक्त विचार गोष्ठीको अध्यक्षताको आसनबाट बोल्दै इच्छुक सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखीले सांस्कृतिक रूपान्तरणको मुख्य समस्या विचारधाराको समस्या हो भने । उनले 'नेपालका कम्युनिष्ट आन्दोलन वर्गीय विचारधाराबाट दीक्षित भएर हुनुपर्नेमा तात्कालिक सत्ताराजनीतिको फेरोमा केन्द्रीत भएर भएको हुनाले कम्युनिष्ट नेताहरूले सरकारमा पुग्नु नै अन्तिम लक्ष्य बनाएकोले सांस्कृतिक रूपान्तरण हुन नसकेको' बताए । महान् जनयुद्ध नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै सर्वहार वर्गीय सत्ता निर्माणको पवित्र लक्ष्य र उद्देश्यमा आधारित भएर गरिएको बताउँदै अध्यक्ष दुःखीले 'जनयुद्धलाई मुख्य नेतृत्वले आफ्नो सत्तास्वार्थमा शक्ति आर्जनको माध्यम बनाएर संसदीय व्यवस्थामै लगेर डुबाएको हुनाले जनयुद्धलाई नियोजित रूपमा विसर्जन गरेको' भने । जनयुद्धमा निर्माण गरिएका संस्कृतिहरू अहिले क्रमशः ढलेको उनको भनाई थियो । नेपाली समाजको मुल चरित्र करिष्मामय नेता खोज्ने र तिनलाई अवतारका रूपमा बुझ्ने हुनाले पनि नेताहरू विग्रँदै जाँदा पनि कार्यकर्ताहरू तिनकै सती जाने समस्याले सांस्कृतिक रूपान्तरणको बाधक बनेको दुखीको कथन थियो ।

कार्यक्रमलाई गण्डकी साहित्य सङ्गमका सदस्य भीम रानाभाटले सञ्चालन गरेका थिए भने इच्छुक सांस्कृतिक प्रतिष्ठनका सदस्यसचिव मित्रलाल पंज्ञानीले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रममा सहभागीहरूका तर्फबाट गेहेन्द्रभुषण पोखरेल, छायादत्त न्यौपाने, छवि सुवेदी, अर्जुन शर्मा, विजया सवेदी, विद्यापवमल बराल, देवेन्द्र लम्साल, बलराम पोखरेल, ओम ग्निपाइली, सीता शर्मा, शिबबहादुर बराल, जगदीशचन्द्र भण्डारी, इस्माली, शेषमणि आचार्य, विष्णुमायाँ न्यौपाने, लोकबहादुर थापा, रामराज रेग्मी, त्रिलोचन ढकाल, केशबहादुर परियार, लोकनाथ बराल र नारायण मरासिनीले बहसमा भाग लिएका थिए ।

## गोकुल...

फोरजी घोटाला एक हो ।

करीब साढे तीन अर्बमा टूजी र थ्रीजीलाई स्तरोन्नति गरेर फोरजी बनाउन चिनिया कम्पनी हुवावे तयार थियो । किन भने २ जी र ३ जी हुवावेले नै बनाएको थियो । तर, झण्डै रु. १९ अर्ब खर्चिएर ह्वावेइकै छद्म कम्पनिलाई फोरजी ठेक्का दिइयो ।

१९ अर्ब रूपैयाँमा चिनियाँ दुई कम्पनीले एक वर्षभित्र फोरजी सञ्चालन गर्ने सम्झौता गरेपनि हालसम्म पूर्ण रूपमा सञ्चालनमा आएको छैन । २० माघ २०७५ मा यी दुई कम्पनिलाई सरकारले १९ अर्बको सम्झौता गरेको थियो । फोरजीको सप्लायर्ससँग डिल गर्न विवादित सञ्चारमन्त्री गोकुल बाँस्कोटा आफै दुवई पुगेका थिए । उनलाई दुवई लैजाने प्रमुख पात्र हुन् हाल नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारी ।

सम्झौता हुनुभन्दा दुई महिना अघि नै मन्त्री बाँस्कोटालाई लिएर डिल्लराम अधिकारीसहितको टेलिकमका उच्च अधिकारी दुबई पुगेका थिए । तत्कालिन मन्त्री बाँस्कोटाले त्यतिबेला सप्लायर्ससँग मन्त्री आफैले कमिशनको डिल गरेका थिए । मन्त्री बाँस्कोटासँगै दुबई पुगेका डिल्ल अधिकारी कट्टु लगाएर उँट चढ्दै गरेको तस्विर त्यतिबेला नै सार्वजनिक भएको थियो ।

नेपाल टेलिकमको भन्दा पाँच महिना ढिलो गरी निजी क्षेत्रको सबैभन्दा ठूलो सेवा प्रदायक कम्पनी एनसेलले १८ जेठ २०७४ मा काठमाडौं, बनेपा र धुलिखेलमा फोरजी सेवा शुरू गरिसकेको छ । तर, नेपाल टेलिकमको फोरजी एक वर्ष पुरा हुँदा देशभर सञ्चालनमा आउन सकेको छैन । एनसेलले छिटो मात्रै गरेको होइन, नेपाल टेलिकमले १९ अर्ब खर्चेको फोरजी सेवाका लागि एनसेलले भने ५ अर्ब मात्रै खर्च गरेको छ । एउटै प्रविधिमा १९ अर्ब खर्चिनु भनेको तत्कालिन मन्त्री गोकुल बाँस्कोटा र नेपाल टेलिकमका महाप्रबन्धकको कमिशनको चक्कर रहेको टेलिकमकै एक उच्चअधिकारी बताउँछन् ।

'मानिसहरू ७० करोडको अडियो सुनेर हल्ला गरिरहेका छन् । यहाँ १५ अर्बको घोटाला भइसकेको छ,' ती अधिकारी भन्छन्, 'यहाँ भइरहेकै बेस ट्रान्सिभर स्टेशन (बीटीएस) टावर तथा प्रणालीलाई स्तरोन्नति गरी फोरजी चलाउन मिल्थ्यो । १५ अर्ब बढी तिर्न टेलिकम नेतृत्व र मन्त्री किन तयार भयो ? ४ अर्बमा हुने काम किन १९ अर्बमा गरियो ?"

ती अधिकारीका अनुसार ह्वावेइले ३ अर्बमै सन् २०२३ सम्मका लागि फोर जी र फाइभजीको आधार तयार पार्ने प्रस्ताव गरेको थियो ।

२०७४ कार्तिकमा नेपाल टेलिकमले फोरजीका कोर, कोरवान र नेटवर्क टु भनिने तीन छुट्टाछुट्टै प्याकेज खरिदका लागि विश्वव्यापी टेन्डर आह्वान गरेको थियो । जसमा कोर नेटवर्क जडान गर्न ह्वावेई टेक्नोलोजिज् र जेडटीई कर्पोरेसन तथा सिंगापुरको माभेनिर एण्ड सिटियस कन्सोर्टियमले बोलपत्र दर्ता गरेका थिए ।

जसमा 'नेटवर्क वान' र 'नेटवर्क टु'मा चिनियाँ कम्पनी जेडटीई र हङकङको सीसीएसआई (ह्वावेईकै छद्म कम्पनी) को मात्र बोलपत्रमा प्रतिस्पर्धा थियो । कोरको ठेक्का रु.१ अर्ब ५७ करोडमा जेडटीईले पायो भने नेटवर्क वान र टुको ठेक्का करीब रु.१७ अर्बमा सीसीएसआईले पायो । जुन कामका लागि ह्वावेईले साढे तीन अर्ब रूपैयाँ खर्च गर्ने प्रस्ताव गरेको थियो, सोही प्रणाली नयाँ जडानका लागि उसको छद्म कम्पनीले चार गुणा बढी रकम पायो ।

यस्तोमा सञ्चारमन्त्री गोकुल बाँस्कोटा र उनकै निकट व्यक्ति डिल्ली अधिकारीको ठूलो हात रहेको कर्मचारीहरू बताउँछन् । कतिसम्म भने युरोपेली दूरसञ्चार उपकरण बिक्रेता कम्पनी नोकिया, इरिक्सन लगायतले पनि बोलपत्र अनुसारको सामग्री दिने सम्बन्धी अध्ययन गर्न र प्रस्ताव बनाउन केही साता समय थप्न माग गरे पनि टेलिकमले दिएन ।

आर्थिक वर्ष २०७४ र ७५ मा रु.१७ अर्ब ४८ करोड रूपैयाँ खुद नाफा गरेको टेलिकमले २०७५र७६ मा रु.९ अर्ब ७६ करोड रूपैयाँ मात्र नाफा गरेको छ । गत वर्षभन्दा ८ अर्ब रूपैयाँ घाटामा गएको टेलिकमकै वार्षिक प्रतिबेदनमा देखिन्छ ।

आर्थिक सुचांक

गत वर्ष ३९ अर्ब रूपैयाँ सञ्चालन आय गरेको टेलिकमले यस वर्ष भने ३६ अर्ब ८७ करोड रूपैयाँ मात्रै सञ्चालन आय गरेको छ । त्यस्तै गत वर्ष ४५ अर्ब २७ करोड रूपैयाँ आम्दानी गरेको देखिएको छ । यस वर्ष भने २ अर्ब घटेर ४३ अर्ब ४४ करोड रूपैयाँमा सिमित हुनुपरेको छ ।

अहिलेको प्रणाली ह्वावेईको हो भने जडान हुँदै गरेको फोरजीको कोर प्रणाली जेडटीईको हो । बोलपत्रमै फोरजी परियोजनामा अन्तरसम्बन्धको दायित्व शर्त समेटिएको भए यो रकम खर्च गर्नुपर्ने अवस्था आउने थिएन ।

यसअघि थ्रीजी प्रणाली जडानमा पनि शुरूको शर्तलाई संशोधन गर्दै रकम थप्न चलखेल गरिएको थियो ।

## एम सी सी ...

छ, जुन ३ वटा भक्तपुर जिल्ला बराबर हुन्छ । यदि हामीले भारत सँगबाट फिर्ता लिन सकेनौं भने सुगौली सन्धीमा निर्धारित भूभाग पनि गुम्ने र नेपाल विखण्डित हुने छ । त्यसैले हाम्रो अगाडि आएको यतिखेर यो एउटा चुनौती हो ।

अर्को चुनौती अमेरिकी परियोजना एम् सी सी हो । यसको प्रकृती केही भिन्न खालको छ । यो परियोजना अमेरिकाको रक्षा विभाग, पेण्टागनले तयार पारेको योजना हो । यसको उद्देश्य चीन, उत्तर कोरिया र रुसलाई नियन्त्रण गर्न, प्रहार गर्नका लागि नेपाललाई अखाडा बनाउने योजना हो । अमेरिकाले यतिखेर चीनलाई आफ्नो सबैभन्दा ठुलो प्रतिस्पर्धी ठान्दछ । चीनलाई घेराहाल्न सबैभन्दा अनुकुलको देश भनेको नेपाल हो । नेपालको १००० वर्ग कि मी भन्दा लामो सिमाना चीनको तिब्बत सँग जोडिएको छ । चीनलाई कमजोर पार्ने र घेरा हाल्ने सबै भन्दा उत्तम ठाउँ उस्ले नेपाललाई देखेको छ । यसैको निमित्त एम् सी सी को माध्यम बनाएर ५५ अरब नेपाली रु दिएर उसले नेपाली भूमिलाई सामरिक प्रयोजनका लागि आधार तयार पार्न खोजिरहेको छ । यदि यसमा अमेरिका सफल भयो भने नेपाल त्रिदेशीय क्रिडास्थल बन्न सक्दछ । चीनले त आफ्ना सबल प्रतिरक्षा प्रणालीका माध्यमबाट आफ्नो देशको सुरक्षा गर्ला । त्यसैगरी उत्तर कोरिया र रुसले पनि आफ्नो सुरक्षा गर्लान् । तर नेपाल चेपुवामा परेर आफ्नो अस्तित्व गुमाउन वा खरानी बन्न वाध्य हुने छ ।

**राष्ट्रिय एकताको प्रसंग**

जब जब देशहरूमा यस प्रकारको सार्वभौमिकता र अखण्डताको प्रश्न खडा हुन्छ, त्यसबेला प्रायःः देशका सम्पूर्ण शक्तिहरू र जनता एकतावद्ध भएर त्यो पस्थितीको सामना गर्ने गर्दछन् । तर, यस्तो अवस्थामा पनि नेपालका शाषक वर्गका पार्टीहरूले आफ्ना विदेशी मालिकलाई छाड्न सकेनन् । उनीहरूले आफ्नो दलालिकरणलाई झन् बढाएर लगेका छन । त्यसकारण, नेपालमा त्यस प्रकारको राष्ट्रिय एकता कायम हुने स्थिती बन्न सकेन ।

आज नेपाली समाजको हरेक क्षेत्रमा - राजनीतिक पार्टीमा, संघ, संस्थामा, पत्रकारमा, बुद्धिजीविमा, कुटनीतिक क्षेत्रमा, कर्मचारी तन्त्रमा, सेनामा, प्रहरीमा सर्बत्र अमेरिकाका दलालहरू भएको र उनीहरू राष्ट्रको विरोध र अमेरिकी सरकारको पक्षमा उभिएका छन् । एम् सी सी को सर्वत्र विरोध भैरहेको अहिलेको अवस्थाको सामना गर्नका लागि सबै क्षेत्रका अमेरिकी दलालहरू एकस्वरमा भनिरहेका छन् : "एम् सी सी नेपालको आर्थिक विकासका निमित्त ल्याइएको हुनाले छिटो भन्दा छिटो यसलाई संसदबाट पारित गराएर लागु गरिहाल्नु पर्दछ ।" यसप्रकार, नेपाली समाजको एउटा उल्लेखनीय हिस्सा खुलै रूपमा विदेशी शक्तिको दलाली गर्ने र राष्ट्रघाती काम गर्नमा सकृय रहेको छ । सरकार सँग पनि यी तत्वहरूको साँठगाँठ र गठवन्धन छ । यसरी नेपाली समाजमा एकता होइन, विभाजन देखा परेको छ ।

**नेपाली समाजमा ठुलो ध्रुवीकरण**

त्यसैले यतिखेर सम्म आइपुग्दा नेपाली समाज राष्ट्रिय सार्वभौमिकता र अखण्डताको पक्षमा एकतावद्ध हुन सकेन । बरु यो तीब्र धुवीकरणको दिशातिर अघि बढेको छ । सबै देशभक्तहरू एक कित्तामा र वर्तमान सरकार, विदेशी दलाल र राष्ट्रघाती अर्को कित्तामा उभिन पुगेका छन् ।

ध्रुवीकरण कसरी भएको छ ? वामपन्थी पार्टीहरू, देशभक्त नेपाली जनता, सत्ताधारी पार्टी भित्रका देशभक्तहरू, स्वतन्त्र देशभक्तहरू मूलतःःएउटा कित्तामा उभिएका छन् । यद्यपि उनीहरूका वीचमा सबै कुरा मिलेका छन् भन्ने होइन । तथापि एम् सी सी अमेरिकी सरकारको पेण्टागनव्दारा "हिन्द प्रशान्त रणनीति"लाई लागु गर्नका लागि ल्याइएको परियोजना हो र यो नेपालका लागि एउटा राष्ट्रघाती परियोजना हो भन्ने विषयमा समान धारणा पाइन्छ । संस्थागत रूपमा नै राष्ट्रघातको पक्षमा उभिएको पार्टी चाहिँ नेपाली कांग्रेस, रा प्र पा, मधेशवादी भनिने र समाजवादी पार्टी हरू हुन् । यिनीहरूमा देशभक्तिको ठुलो खडेरी परेको देखियो । अन्यत्र सर्बत्र ध्रुवीकरणको स्थिती देखा परेको छ ।

**संसद भित्रको अंक गणित**

अमेरिकी पक्षको ध्रवीकरणलाई परेको प्राविधिक समस्या के हो भने एम् सी सीको प्रावधान मै यो सम्झौता संसदको बहुमतबाट पारित गरिनु पर्ने कुरा छ । यदि सरकारले मात्र सम्झौता गरेर हुने थियो भने यो आज भन्दा झण्डै दुई वर्ष अगावै पारित भै सकेको हुन सक्थ्यो । तर, यसलाई संसदबाट पारित गर्नु पर्ने अवस्थाले गर्दा आज यो यति व्यापक वहशको विषय बन्न पुगेको छ ।

के संसदबाट पारित हुन सक्ने संभावना नै छैन त ? गणितीय हिसाबले हेर्दा त्यो संभावना यतिखेर पनि छ । सरकारको नेतृत्व गरेका के पी ओली र उनको पक्ष, नेपाली कांग्रेस, मधेशवादी भनिने दलहरू, समाजवादी पार्टी मिलेर बहुमत पुग्न सक्छ । तर समग्र शक्तिका हिसावले, जन समर्थनका हिसावले एम् सी सी यसै अवस्थामा पारित गर्नु हुँदैन भन्ने पक्ष बलियो छ । त्यसैकारण, सरकार र संसदको प्रतिपक्षी दलहरू सदनमा लगेर जवर्जस्ती पारित गराउन हिच्किचाइ रहेका छन् ।

**दोहोरो दवाब**

यो परियोजना पारित गराउनका लागि अमेरिकी सरकारका उच्च पदाधिकारीहरू, एम् सी सी कै उपाध्यक्षँ आदि पालै पालो नेपाल भ्रमण गरेर सत्ता पक्षको पार्टीका शिर्ष नेतालाई घर घरमै गएर प्रलोभन र दवाव दिइरहेका छन् । प्र म ओली सँग बारम्बार यो संसदबाट अविलम्ब पारित हुन्छ भन्ने प्रतिवद्धता लिइरहेका छन् । अर्कोतिर देशभक्तहरूको ठुलो शक्ति यसलाई कुनै पनि हालतमा पारित गराउनु हुँदैन भनेर सडकमा उत्रिएको छ । विभिन्न समस्याको भूमरीमा परेको ओली सरकारले यो दवाबको सामना कसरी गर्ने हो, अझै स्पष्ट भैसकेको छैन ।

**कार्यदलको प्रतिवेदन**

यसमा एउटा थप समस्या सत्ताधारी ने क पाको केन्द्रीय समितिव्दारा एम् सी सी सम्वन्धी तथ्यहरूबारे अध्ययन गरी प्रतिवेदन तयार पार्न गठित कार्यदल र यसले तयार पारेको प्रतिवेदन पनि छ । एकमतले तयार पारिएको उक्त प्रतिवेदनले एम् सी सी हिन्द प्रशान्त रणनीतिको अंग भएको लगायत यसमा पर्याप्त मात्रामा नेपालको राष्ट्रघात हुने प्रावधान रहेको तथ्यहरू समेटेको कुरा कार्यदलका संयोजन सत्ताधारी ने क पा का वरिष्ठ नेता झलनाथ खनालले सार्वजनिक गरिसकेका छन् ।

**सशक्त जन आन्दोलन**

दश वाम पार्टीहरूको संयुक्त मोर्चाले निरन्तर एम् सी सीको खारेजीको विषयलाई लिएर सडक तताइरहेको छ । यही फागुन १० गते बसेको मोर्चाको बैठकले आन्दोलनलाई अझ सशक्त बनाउनका लागि - सबै संघीय सांसदलाई एम् सी सी पारित गर्ने बैठकमा उपस्थित नहुनका लागि प्रयास, देशै भरी तल्लो तह सम्म विरोध प्रदर्शन, सबै देशभक्तहरूको प्रतिनिधित्व गर्ने दल, संघ, संस्था, अभियानहरू सँगको अन्तरकृया र सहकार्य, संसद घेराउ र 'नेपाल वन्द' सम्मको कार्यक्रम तय गरिएको कुरा विज्ञप्तीव्दारा जानकारी गराइएको छ । उल्लेखनीय के छ भने मोर्चाले आयोजना गर्दै आएका संघर्षका कार्यक्रम प्रायः सबै सफल हुँदै आएका छन् ।

अन्तमा, नेपालको राजनीतिक घटनाक्रम निकै तीव्रताका साथ अघि बढिरहेका छन् र आगामी दिनमा अझ बढ्दै जाने संभावना देखिएको छ । यस वीचमा संचार मन्त्री संलग्न भएको एउटा ठुलो भ्रष्टाचार काण्ड पनि यसै बेला घटेको छ । त्यसपछि विश्वमै कीर्तिमान कायम गर्ने भ्रष्टाचारका योजनाहरू पनि उजागर भएका छन् । नेपाली राजनीतिले कुन मोड लिने हो, त्यो भनिहाल्न सकिने अवस्थामा भने छैन । *२०७६/११/११*

## संयुक्त...

सर्वहारावर्गमाथि मात्र भरोसा राख्नु र त्यसरी एक्लै अघि बढ्ने आशा गर्नु एउटा "वामपन्थी" विचलनवादी गल्ती हो । परिणाम अलगिन पुग्नु हो । पुँजीपतिवर्गमाथि, खास रूपले ठूला पुँजीपतिवर्गमाथि भरोसा राख्नु एउटा दक्षिणपन्थी विचलनवादी गल्ती हो । उहान अवधिमा, महान क्रान्तिको अन्त्यतिर पुँजीपतिवर्गलाई भरोसायोग्य ठान्ने र किसानवर्गमाथि होइन कि ठूला जमिन्दार र ठूला पुँजीपतिवर्गमाथि भरोसा समेत राख्ने मानिसहरू- उदाहरणार्थ, ताङ शेङ्ची र फेङ युशियाङ- थिए । दोस्रो उहान अवधिमा, अर्थात् प्रतिरोध युद्धको सुरुको अवधिमा कुनै कमरेडहरूले, क्वोकिन्टाङको नेतृत्वमा रहेका सैनिकहरूले संग्राम जित्न सक्छन् भन्ने विश्वास गरेर किसानमाथि होइन बरु ठूला पुँजीपतिवर्गमाथि भरोसा राखे । यस खालको भरोसा निकै खतरनाक छ, किनभने यसले पराजयतर्फ र हाम्रो गिरफ्तारीतर्फ लैजान्छ । दोस्रो उहान अवधिमा, पार्टीको केन्द्रीय समितिले लिएको कार्यदिशा सही भएकोले र हाम्रो धेरैजसो सैनिकहरू उत्तरी चीनमा रैथाने रहेकोले, हामीले महान क्रान्तिमा भोगेजस्तो पराजय भोग्नु परेन । तर खतरा अझ पनि थियो । पछि, महान पृष्ठ क्षेत्रमा हाम्रो काममा एउटा कमजोरी के रह्यो भने हामी ग्रामीण इलाकामा जनवादी आन्दोलनको विस्तार गर्न असफल रह्यौं ।

नौलो जनवादी क्रान्तिका पंक्तिमा शहरी निम्न-पुँजीपतिवर्ग पनि एउटा आधारभूत शक्ति हो । तर त्यसो भए पनि, हामीले आफूलाई किसानहरूसित एकताबद्ध गर्नु परेको हुन्छ । मजदुर र सहरी निम्न-पुँजीपतिवर्गमाथि मात्र भरोसा राखेर हामी कहिले पनि क्रान्तिलाई विजयतर्फ बढाउन सक्नेछैनौं । दक्षिणपन्थी झुकाव राख्ने कमरेडहरू अर्कै कुरा सोच्छन् । तिनीहरू गलत छन् । अर्कोतिर, "बामपन्थी" झुकाव राख्नेहरू सहरी निम्न-पुँजीपतिवर्गलाई समेत बहिष्कार गर्न चाहन्छन् । सहरी निम्न-पुँजीपतिवर्गका प्रतिनिधिहरू बुद्धिजीवि हुन् । बुद्धिजीविहरूले खेल्नुपर्ने कुनै भूमिका छैन भन्ने कुरामा विश्वास गर्ने कमरेडहरू पनि गलत छन् । तर महान क्रान्ति असफलताको समयमा मजदुर र सहरी बुद्धिजीविहरूमाथि मात्र भरोसा राखियो । उदाहरणार्थ, क्वाङचाउ विद्रोहमा सहरका मजदुरहरू र मुख्यरूपले बुद्धिजीविहरू रहेको अफिसर प्रशिक्षण समूह मात्रको परिचालन गरियो । किसानहरूमाथि भरोसा राखिएन, न त ग्रामीण इलाकातिर पछि हट्ने कुनै योजना नै थियो । त्यसैले क्वाङचाउ विद्रोह असफल भयो । शन्घाई विद्रोहमा पनि त्यस्तै भयो । शत्रु सबभन्दा बलियो रहेको ठाउँ शन्घाईमा कठोर प्रतिरोध गर्नका लागि सहरी मजदुरहरू र बुद्धिजीविहरूको एउटा हिस्सामाथि भर पर्ने योजना रह्यो । परिणाम असफलता रह्यो । आज हामी फेरि ठूल-ठूला सहरहरूमा पस्न लागेका छौं । शत्रुको कब्जामा रहेका इलाकाहरूमा सहरमा काम गर्ने कमरेडहरूले कुन कुरा बुझ्नु पर्छ भने ग्रामीण इलाकासित संयोजन गरेर मात्र हामी आफ्नो इच्छामा अघि बढ्न वा पछि हट्न सक्नेछौं। मजदुर, किसान र निम्न-पुँजीपतिवर्ग एकताबद्ध हुँदा मात्र हामी बलियो हुन्छौं ।

उदार पुँजीपतिवर्ग पनि नौलो जनवादी संयुक्त मोर्चाको पंक्तिमाझ पर्छ । हामी त्यसलाई एउटा मध्यस्थ शक्ति भन्छौं । कमरेड माओ चतुङ हामीलाई के बनाउँछन् भने त्यो एउटा कमजोर, ढुलमुल वर्ग हो र सर्वहारावर्गले त्यसलाई आफ्नो पक्षमा तान्नु पर्छ, त्यससित एकबद्ध हुनु पर्छ, अथवा कमसेकम त्यसलाई तटस्थ पार्नुपर्छ, तर त्यसमाथि भर पर्नु हुँदैन । किसानवर्ग र मजदुर-किसान जनतालाई बिर्सनु र उदार पुँजीपतिवर्गमाथि भरोसा राख्नु भनेको दक्षिणपन्थी विचलन हो । त्यो गलत छ । उदार पुँजीपतिवर्गसित एकबद्ध हुन इन्कार गर्नु "बामपन्थी" विचलन हो । त्यो पनि गलत छ ।

कुनै ठूला जमिन्दारहरू र ठूला पुँजीपतिवर्गका कुनै समस्याहरू कहिलेकाहीं संयुक्त मोर्चामा सामेल हुन सक्छन्, तर स्पष्ट रूपले मिश्रित भावना लिएर । पुँजीपतिवर्गको चरित्रमा दुइटा पक्ष छन् । निम्न-पुँजीपतिवर्गका पनि त्यस्तै छन् । तर ठूला जमिन्दारहरू र ठूला पुँजीपतिवर्गको दोहोरो चरित्र अधिक स्पष्ट छ, तिनीहरूमा प्रतिक्रियावाद गहिरोसित गाडिएको छ । तसर्थ, उनीहरूसित मिलेर काम गर्दा, हामी निरन्तर आफ्नो रखवारीमा रहनु पर्छ, तिनका प्रतिक्रियावादी प्रवृत्तिहरूको विरोध गर्नुपर्छ र तिनीहरूमाथि कहिल्यै भर पर्नु हुँदैन । उहान अवधिमा, महान क्रान्तिको अन्त्यतिर, हामी ताङ शिङ्वीमाथि मात्र होइन, बरु थाङ शेङ्ची र फुङ युशियाङमाथि पनि भर पर्‍यौं । फलस्वरूप, हर कुरो फेरियो । यो महान क्रान्तिको असफलताबाट सिक्नुपर्ने एउटा शिक्षा हो । त्यसबेला दुई खालका सशस्त्र सेना थिए । एउटा थियो हाम्रो सेना, जसमा पार्टीको प्रत्यक्ष नेतृत्वका ये थिङको २४ औं डिभिजन र अन्य सशस्त्र एकाइहरू, र व्यापक मजदुर-किसान जनताको सशस्त्र सेना रहेका थिए । क्वाङदोङदेखि उहानसम्म सर्वत्र, र खासगरी हुनानमा, मजदुर र किसानहरू हतियारबन्द थिए । ती हाम्रा सेना थिए । अर्को सेना चाहिं ठूला जमिन्दार र ठूला पुँजीपतिवर्गको सशस्त्र सेना थियो । हाम्रो पार्टीको नीति आफ्नै सेनामाथि भर पर्ने नभएर ठूला जमिन्दार र ठूला पुँजीपतिवर्गका सेनामाथि, थाङ शेङ्ची र फेङ युशियाङका सैनिकहरूमाथि भरपर्ने रह्यो । मलाई याद छ, १९२७ मे २१ तारिखको घटनापछि, जब उहान संकटमा थियो, उक्त नीति एकदमै स्पष्ट भयो । त्यसबेला केन्द्रीय कमिटीको आशा कथित किसान नेता फेङ युशियाङ, "इसाई सेनापति" माथि केन्द्रित थियो । कम्युनिष्ट पार्टी, क्वोमिन्टाङ र विदेशी कमरेडहरू समेत सबैको आशा उनीमाथि केन्द्रित थियो । फेङ युशियाङ लड्दै थोन्गुआनबाट शेन्चाउ जाँदा, उहानमा राष्ट्रिय सरकार प्रमुख विशेष रेलगाडीबाट उनलाई भेट्न गए, हाम्रो पार्टीले पनि उनलाई भेट्न शाङ कुओताओलाई पठायो । तर कुरा कस्तो भयो भने फेङ युशियाङले शुचाऊमा च्याङ काई-शेकलाई भेटे, र यसको परिणाम हाम्रो लागि ठूलो फजिती (चभखभचकर्बा) रह्यो । केङले उहानका जनतालाई धोका दिए । त्यसरी उहानको आशा चकनाचु भयो । यो आफ्नै सेनामाथि भर नपरेर ठूला जमिन्दार र ठूला पुँजीपतिवर्गको सशस्त्र सेनामाथि भर पर्नाको कटु अनुभव थियो । निश्चय पनि, त्यहाँ भूमि क्रान्तिको सवाल थियो, तर केन्द्रीय समस्या हथियार थियो र त्यस बेला यो कुरा बिलकूल स्पष्ट थियो । दोस्रो उहान अवधिमा, क्वोमिन्टाङ सेना सुधारिएको नभए पनि हामी त्यससित सहयोग गर्न सक्छौं भन्ने हाम्रो विश्वास थियो । त्यो पनि त्यस्तै एउटा अवसरवादी गल्ती थियो ।

माथिको मेरो भनाइबाट कुन कुरालाई देख्न सकिन्छ भने यदि हामीमा सर्वहारावर्ग, किसानवर्ग, निम्न पुँजीपतिवर्ग, उदार पुँजीपतिवर्ग र ठूला पुँजीपतिवर्गको एउटा अंग अँगालेको हाम्रो जापान-विरोधी राष्ट्रिय संयुक्त मोर्चामा संलग्न ठूला र जटिल शक्तिहरूबारे स्पष्ट समझदारी भएन भने हामी "बामपन्थी" वा दक्षिणपन्थी विचलनवादी गल्ती गर्नेछौं । पार्टीको केन्द्रीय कमिटी र कमरेड माओ चतुङको नेतृत्वमा, हामीले उक्त शक्तिहरूको विश्लेषण गरेर तिनलाई तीन श्रेणीमा छुट्याएका छौं, मजदुर, किसान र निम्न पुँजीपतिवर्ग रेहका प्रगतिशिल शक्तिहरू, मध्यम शक्तिहरू वा अन्तरमाध्यामिक शक्तिहरू, र कट्टर वा प्रतिक्रियावादी शक्तिहरू, अर्थात् ठूला जमिन्दार र ठूला पुँजीपतिवर्ग । प्रादेशिक शक्ति समूहहरू मध्यम नजिक कहीं- वा मध्यम र कट्टर शक्तिको बीचमा पर्छन् । आफ्नो वर्ग चरित्रमा तिनीहरू प्रतिक्रियावादीसित मिल्दा छन्, तर च्याङ काई-शेकप्रति आफ्नो विरोधमा तिनीहरूले मध्यम शक्तिहरूले गर्ने काम गर्छन् । उक्त विश्लेषणको आधारमा, हामीले प्रगतिशिल शक्तिहरूको विकास गर्ने, मध्यम शक्तिहरूलाई आफ्नो पक्षमा तान्ने र कट्टरहरूलाई अलग्याउने, फुटाउने र हमला गर्ने नीति बनाएका छौं । यो धेरैजनासित एकबद्ध हुने, थोरैको विरोध गर्ने र खराब कट्टरपन्थीहरूमाथि प्रहार गर्ने नीति हो । दक्षिणपन्थी दृष्टिकोण भएका मानिसहरू यस नीतिप्रति सहमत छैनन् । महान क्रान्तिको अन्त्यतिर, चेन तुश्यू बामपन्थी, मध्यम र दक्षिणपन्थीबीच भेदभाव गर्ने कुराको विरोधी रहे र त्यस्तो भेद गरेमा मानिसहरूले हामीले तिनलाई फुटाउन गइरहेको भन्लान् भन्ने उनको डर थियो । ठूला जमिन्दारहरू र ठूला पुँजीपतिवर्ग त्यस्तो भेदभाव चाहँदैनथे, र चेन तिनीहरूको मुखपत्र बने । बामपन्थी, मध्यम र दक्षिणपन्थीबीच भेद छुट्याउनमा भएको असफलताको नतिजा कस्तो रह्यो भने बामपन्थीहरू मध्यमतर्फ विस्तारै सरेर गएर र आखिरमा दक्षिणपन्थमा सामेल भए । दोस्रो उहान अवधिमा सो गल्ती दोहोरियो । १९३७ मा भएको दिसेम्बर सम्मेलनमा, फेरि यस्ता कोही थिए जो शक्तिहरूलाई बामपन्थी, मध्यम र दक्षिणपन्थीमा होइन, बरु जापानको प्रतिरोध गर्ने र प्रतिरोध नगर्नेमा, वा जापान-विरोधी र जापान-समर्थकमा वर्गीकरण गर्न चाहन्थे । तिनीहरूको कस्तो विश्वास रह्यो भने जापान-समर्थक शक्तिहरू छाडेर सबै वर्गहरू जापानको विरोध गर्नमा फलाम जत्तिकै जब्बर छन् । उक्त खालको चिन्तन ठूला जमिन्दारहरू र ठूला पुँजीपतिवर्गको प्रभावको प्रतिबिम्ब थियो । त्यसरी उक्त अवधिमा, च्याङ काई-शेकको क्वोमिन्टाङको युद्ध-सरदारी र फासिष्ट चरित्रलाई बिर्सिने काम भयो । तिनीहरूलाई हामीसँगै काँधमाकाँध मिलाएर उभिरहेका, अरु जस्तै अग्ला र राम्रा ठानियो । बामपन्थी, मध्यमपन्थी र दक्षिणपन्थीमा शक्तिहरूको वर्गीकरण गर्नु आवश्यक छ । त्यस्तो विभेद गर्नु सही छ र नगर्नु गलत छ । अर्कोतिर, "बामपन्थी" दृष्टिकोण भएकाहरू सर्वहारावर्गमा मात्र, सर्वहारावर्गको अगुवामा मात्र विश्वास गर्छन् । तिनीहरू आफूलाई आम जनताबाट छुट्टै राख्छन् र आफ्नै पंक्तिभित्रकाहरूसित समेत आफूलाई मिलाउँदैनन् । योपनि गलत छ । तसर्थ बामपन्थी, मध्यमपन्थी र दक्षिणपन्थी सम्बन्धी कमरेड माओ चतुङको विश्लेषणबारे र प्रगतिशिल शक्तिहरूको विकास गर्ने, मध्यम शक्तिहरूलाई आफ्नो पक्षमा तान्ने र कट्टरपन्थी तथा प्रतिक्रियावादीहरूलाई अलग्याउने उपायहरूबारे समझदारीको कमीले गर्दा "बामपन्थी" र दक्षिणपन्थी दुवै गल्तीहरू हुन गए । परिणाम आफैले आफूलाई अलग्याउनु हुन जान्छ । यो संयुक्त मोर्चामा रहेका शक्तिहरूको विश्लेषण हो । हामीमा यस खालको समझदारी हुनुपर्छ, नत्रभने हामीले गल्ती गर्नेछौं ।

"बामपन्थी", मध्यमपन्थी र दक्षिणपन्थीमा संयुक्त मोर्चाका घटकहरूको वर्गीकरण गरेर मात्र पुग्दैन । एक पाइला अघि बढेर, हामीले अधिक सुक्ष्म भेद गर्नुपर्छ । सर्वहारावर्ग मात्र होइन, बरु किसानवर्ग, निम्न-पुँजीपतिवर्ग, उदार पुँजीपतिवर्ग र कहिलेकाहीं ठूला जमिन्दारहरू तथा ठूला पुँजीपतिवर्गका सदस्यहरूसमेत समावेश हुने यस्तो विशाल शक्तिसित व्यवहार गर्दा उक्त कुरा आवश्यक छ । सर्वहारावर्ग यस डफ्फाको प्रमुख हो, नेता हो । अन्य वर्गहरू, ठूला जमिन्दार, ठूला पुँजीपतिवर्ग र उदार पुँजीपतिवगए मात्र होइन, निम्न-पुँजीपतिवर्ग र किसानवर्ग पनि यसबाट (सर्वहारावर्गबाट- अ.) फरक छन् । त्यसैले, कमरेड माओ चतुङले संयुक्त मोर्चाभित्र हाम्रो स्वाधीनता र पहलकदमीलाई कायम गर्नुपर्ने खाँचोलाई औल्याएका छन् । स्वाधीनता र पहलकदमीको अर्थ सर्वहारावर्गको स्वाधीनता हो, किनभने त्यसको आफ्नै नीति र विचारधारा छ । त्यसले अरुहरूसित मिलेर काम गर्छ, तर अरुहरूमा विलिन भएर जाँदैन । जहाँ विभेदहरू हुन्छन्, त्यहाँ संघर्ष हुन्छ । आफ्नो स्वाधीनता र पहलकदमी कायम रहने सर्तमा, सर्वहारावर्ग संयुक्त मोर्चामा एकताबद्धताको पक्षमा छ । त्यसले अरु वर्गहरूबाट आफूलाई प्रभावित पार्न दिंदैन । कमरेड माओ चतुङ अक्सर के भन्छन् भने संयुक्त मोर्चामा हुँदा हामीमा अरु वर्गहरूको प्रभाव सजिलै पर्न सक्छ, त्यसैले विभेद गर्नमा जोड नगर्नु गलत हुन्छ । दक्षिणपन्थी दृष्टिकोणका समर्थकहरू विभेद गर्न चाहँदैनन् । प्रतिरोध युद्धताका उहान अवधिमा कोही मानिसहरूको मत कस्तो थियो भने हामीले "साझा आधार खोज्नु र मतभेदलाई बेवास्ता गर्नु" पर्छ, जसको अर्थ सहमति मात्र हुनुपर्छ र मतभेद हुनु हुँदैन भन्ने हो । त्यसको कारण के भने तिनीहरू सर्वहारावर्ग अरु वर्गहरूबाट भिन्न छ भन्ने कुरा बुझ्दैनन् । कोही कमरेडहरू भेद र साथै एकता किन आवश्यक छ भन्ने कुरा बुझ्दैनन् । भेद नगरिएमा, हामी अरुहरूमा विलिन हुनेछौं र तिनीहरूबाट निश्चित रूपले प्रभावित हुनेछौं । "बामपन्थी" प्रवृत्ति भएका कमरेडहरू भेद गर्ने बारे रातोदिन कुराकानी गर्छन् र अरुहरूसित साझा कार्यवाहीमा भाग लिन इन्कार गर्छन् । तिनीहरू सामाजवाद हासिल गर्न हतारो गर्छन् । भूमि क्रान्तिको बेलामा, तिनीहरूले साम्यवादमा शिक्षा संचालन गर्न चाहे । तिनीहरू सबैलाई समाजवादी विचारधारा सिकाउन चाहन्थे, र तिनीहरूले कुन कुरालाई बुझेनन् भने हामीले बरु उनीहरूलाई नौलो जनवादको लागि साम्राज्यवाद-विरोधी तथा सामन्त-विरोधी संघर्षका सम्बन्धमा शिक्षित पार्नु पर्दछ । कुनै भेद नगर्ने दक्षिणपन्थी विचलनवादीहरू र अहिलेको लागि एकता हासिल गर्ने उपाय नखोजिकन भेदमा अति जोड दिने "बामपन्थी" विचलनवादीहरू दुवै गलत छन् । दुवै स्थितिहरू अरु वर्गहरूद्वारा प्रभावित छन्, र दुवैले सच्चा सर्वहरा चिन्तनको प्रतिनिधित्व गर्दैनन् । दक्षिणपन्थी गल्तीको कारण ठूला पुँजीपतिवर्गको प्रभाव हो, त्यससित सहयोग गर्दा त्यसको प्रभाव सजिलैसित पर्न जान्छ । जब ती पुँजीपतिहरू शिष्ट भएर हामीलाई चिया वा भोज खान आमन्त्रण गर्छन्, हामी भेद गर्न छाड्छौं र हामी ठूला पुँजीपतिवर्ग र ठूला जमिन्दारहरूको प्रस्तावलाई मानौं आफ्नो प्रस्ताव झै गरेर अघि सार्छौं । कमरेड माओ चतुङले के भनेका छन् भने सामान्य रूपमा भन्ने हो भने, जब हामी पुँजीपतिवर्गसित मिलेर काम गर्छौं । कमरेड माओ चतुङले के भनेका छन् भने, सामान्य रूपमा भन्ने हो भने, जब हामी पुँजीपतिवर्गसित मिलेर काम गर्छौं., हामीबाट दक्षिणपन्थी तल्ती हुनु सम्भव रहन्छ भने तिनीहरूसित हाम्रो फाटो हुँदा "बामपन्थी" गल्ती हुनु सम्भव रहन्छ । पार्टीको "हाम्रो पार्टीको इतिहासमा केही सवालहरूबारे प्रस्ताव" मा उक्त कुरा देखाइएको थियो । त्यसबाहेक, हाम्रो पार्टीका धेरैजना कमरेडहरू निम्न-पुँजीवादी परिवारमा जन्मेका हुनाले, उनीहरूमाथि पुँजीपतिवर्गको प्रत्यक्ष प्रभाव पर्नु र हामी अपठ्यारोमा पर्दा र ठूला पुँजीपतिवर्गद्वारा उत्पीडित हुँदा उनीहरूमा "बामपन्थी" विचलनवादी भावना हुनु सजिलो छ । अरु वर्गहरूद्वारा हामीमाथि परेको प्रभावले गर्दा ती गल्तीहरू भएका छन् ।

*(कमरेड कृष्णदास श्रेष्ठको प्रथम बार्षिकीको सन्दर्भमा हामीले उहाँको यो लेखलाई यहाँ प्रस्तुत गरेका छौं ।)*

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
खोटाङ यातायात प्रा.लि.
काठमाडौंबाट- हलेसी, ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क–
कोटेश्वर– ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल– ९८५१२४५६८०
दित्केल– ०३६४२०६७३, ०३६४०२०६८०

## खाँचो...

सार्वभौमिकता र क्षेत्रीय अखण्डता गुमाउने निश्चित जस्तै छ । विहानीले दिनको संकेत गर्छ भनेझै भारतीय सीमा अतिक्रमण र साम्राज्यवादी अमेरिकी परियोजना एमसीसी प्रकरणमा यो सरकारले देखाएको राष्ट्रघाती रवैयाबाट पनि नेपाल र नेपाली जनताको अन्धार, भयावह र असुरक्षित भविष्यको अनुमान लगाउन जो कसैले सक्दछ ।

देश विकासको आधार खम्बाको रूपमा रहेका युवा शक्ति र यहाँको बहुमूल्य प्राकृतिक सम्पदालाई कौडीको मूल्यमा विदेशीलाई बेचेर कमिसन र रेमिटेन्सबाट आएको पैसामाथि मोजमस्ती, ऐस आराम, सात पुस्तालाई पुग्ने गरी ब्रम्हलुट मच्चाउने सरकार र राजनीतिक नेतृत्वबाट विकास र समृद्धिको आशा, अपेक्षा गर्ने जनताले अब घर घरमा बहस छलफल चलाउने बेला आएको छ ।

अब देश बचाउने जिम्मा भनेको नेपाली जनताको हातमा छ, काँधमा छ । इतिहासका निर्माता जनता हुन् । वीर पुर्खाहरूले अंग्रेज साम्राज्यवादसँग वीरता र बलिदानीपूर्वक लडेर बँचाएको यो देश आजको पुस्ताले भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादका विरुद्ध लडेर बँचाउन सक्छ कि सक्दैन ? यो प्रश्नको जवाफ तीन करोड नेपाली जनताले दिने बेला आएको छ । दक्षिण पूर्वी एशियाली राष्ट्र भियतनामले अमेरिकी साम्राज्यवादलाई धुलो चटाउने तागत राख्यो भने वीर नेपालीहरूले भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादलाई धुलो चटाउने तागत किन राख्न सक्दैन, राख्न सक्छ । यहाँको भूराजनीतिक स्थिति, सामरिक भौगोलिक अवस्थिति र यहाँका जनताको लडाकु तथा वीर गोरखाली चरित्रलाई युद्धको आधुनिक प्रविधिसँग जोड्न सक्ने हो भने विश्वयुद्धलाई नै चपाउन सक्ने र पचाउन सक्ने क्षमता नेपाल भूमि र नेपाली जनतामा छ । एक्काइसौं शताब्दीको यो तेस्रो दशकमा नेपालले इराक र अफगानिस्तानको होइन, भियतनामको इतिहास दोहोर्‍यानेछ, चीनको इतिहास पुनरावृत्त गर्नेछ । र, आफ्नै वीर पूर्खाले खेलेको भूमिका र लेखेको इतिहासलाई नयाँ ढंगले परिस्कृत गर्नेछ । इतिहास कायरहरूको हुँदैन, वीरहरूको हुन्छ, हार्नेहरूको होइन, जित्नेहरूको लेखिन्छ ।

## क्रान्तिकारी...

उक्त योजना मुताविक फागुन ६ गते तानसेन बजारमा कार्यक्रम सम्पन्न गरेको छ । तानसेन नगरपालिका वार्ड नं. ७ मा भएको कार्यक्रममा क. तेजविक्रम शाहीले सम्वोधन गरेका थिए भने स्वागत मन्तव्य क. पदम लामिछानेले गरेका थिए। कार्यक्रमको संचालन क. भुकम्पले गरेका थिए । त्यसैगरी तानसेन नगरपालिका वार्ड नं. ३ पाल्पा गोलोघर शितलपार्टीमा अर्को कोणसभाको अयोजना गरिएको थियो । जसमा क. धनेश्वर पोखेलले सम्वोधन गरेका थिए भने स्वागत मन्तव्य क. मानध्वज र संचालन क. महेश श्रेष्ठले गरेका थिए । पाल्पाकै रिब्दीकोट ३ हार्पोकमा गरिएको कार्यक्रमलाई क. भुकम्पले सम्वोधन र क.लीलाबहादुर श्रेष्ठले संचालन गरेका थिए ।

अर्कोदिन फागुन ७ गते गुल्मीको सत्यवति गाउँ पालिका वार्ड नं. ६को खैरेनीमा भएको कार्यक्रमलाई क. धनेश्वर पोखेलले सम्वोधन गरेका थिए भने स्वागत जिल्ला सचिव, क.अविरलले गरेका थिए र उक्त कार्यक्रमको संचालन क.भुकम्पले गरेका थिए । त्यसको लगत्तै गुल्मीकै सत्यवति गाउँ पालिका वार्ड नं.१ रुद्रबेनीको कार्यक्रमलाई तेजविक्रम शाही र क. तेज कुमारी थापाले सम्वोधन गरेका थिए । कार्यक्रमको संचालन क. महेश श्रेष्ठले गरेका थिए । साथै अर्को कार्यक्रम रुरु क्षेत्र गाउँ पालिका वार्ड १ रिडिमा क. प्रेम सुवेदी र क.अविरल ले सम्वोधन गरेका थिए भने संचालक क. भुकम्पले गरेका थिए । त्यसपछि सोही नगरपालिकाको वार्ड न.. ४ वलेटक्सारमा आयोजित कार्यक्रलाई टिका राना र क. धनेश्वर पोखेलले सम्वोधन गरेका थिए भने संचालन क. अविरलले गरेका थिए । त्यसै दिन छत्रकोट गाउँ पालिका वार्ड नं. २ भेडुवा गुल्मीमा भएको अर्को कार्यक्रमका वक्ता क.तेज विक्रम शाही थिए भने संचालक क. अविरल थिए । गुल्मी दरवार गाउँपालिका वार्ड नं.३ गैडाकोटको कार्यक्रमका संचालक क. तेज कुमारी थापा र वक्ता क. भुकम्प थिए

फागुन ८ गतेका दिन अभियान टोलीले गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा पर्ने रेसुङ्गा नगरपालिकामा सभाको आयोजना गरयो,जसको सचालन क दिलबहादुर कठायत वक्ताहरूमा क.अविरल र क.प्रेम सुवेदी थिए । त्यसै दिन सोही जिल्लाको धुर्कोट गाउँपालिका बर्बोट बजारमा पनि कार्यक्रमको आयोजना गरिएको थियो, जसमा संचालक क. महेश श्रेष्ठ र वक्तामा क. तेज विक्रम शाही थिए ।

त्यसैगरी अर्को कार्यक्रम मदाने गाउँ पालिकामा पर्ने पुर्कोट दहमा सम्पन्न गरियो । उक्त कार्यक्रमको संचालन क दिलबहादुर कठायतले गरेका थिए भने वक्ताहरूमा क. अविरल र क.धनेश्वर पोखेल थिए । यसरी फागुन ६, ७ र ८मा पाल्पा र गुल्मीका विभिन्न नगरपालिका र गाउँपालिकाको कार्यक्रम सकेर अभियान टोली फागुन ९ गते अर्घाखाँची जिल्ला प्रवेश गरेको जानकारी अभियान टोलीमा सहभागी क. तेजविक्रम शाहीले दिएका छन् ।

फागुन १० गते प्युठानको झिमरूक गाउँपालिका ५ मच्छी बजारमा सभाको आयोजना गरियो। जसमा संचालक कृष्ण राना थिए भने वक्ताहरूमा तेज बिक्रम शाही र टिकाराम पौडेल थिए। त्यसैगरी फागुन ११ गते प्युठान नगरपालिका १० खरीकोट मरन्ठानामा सभा सम्पन्न गरियो । जसमा संचालक महेश श्रेष्ठ र वक्ताहरूमा गोबिन्दराज पोखरेल र भुपेन्द्र न्यौपाने थिए ।

मरन्ठानाको कार्यक्रमपछि अभियान टोलीले प्युठान नगरपालिका १ पाटीचोकमा सभाको आयोजना गरे । जसमा संचालक कृष्ण राना र वक्ताहरूमा टिकाराम पौडेल र धनेश्वर पोखरेल थिए ।

रोयल बुईपा A/C जम्बो हाईस


गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

## आलोपालो

# खाँचो सशक्त राष्ट्रिय प्रतिरोध संघर्षको !

● उज्ज्वल

जनयुद्धको एउटा उर्जाशील समय । त्याग, तपस्या, वीरता र बलिदानका महान गाथा । उदात्त भाव । निष्ठा र समर्पण । दुनियाँ बुझ्ने र बदल्ने महान अभियान । हल्लायो नेपाली समाजलाई जरैदेखि । उथलपुथलकारी दशवर्षे जनयुद्धले रूपान्तरणको ऐतिहासिक र महान फड्को हान्दै थियो । साम्राज्यवादीहरूलाई विश्व सर्वहारावर्गले भनिरहेको थियो- सगरमाथाको देशतिर हेर ! क्रान्ति विजय हुँदैछ । तर विडम्बना, बलात् नेतृत्वको एउटा हिस्साले गरेको वर्गीय र राष्ट्रिय आत्मसमर्पणसँगै नेपाली समाजको आर्थिक-सामाजिक-साँस्कृतिक रूपान्तरणको प्रक्रिया अबरुद्ध बन्न पुग्यो । नेतृत्वको त्यो धोका र गद्दारीसँगै जनयुद्धले सेटब्याक खान पुग्यो । परिणामतः जनमुक्ति सेनाको डिभिजनस्तरको सैन्य संरचना तहसनहस हुन पुग्यो । आधारइलाका, जनकम्युन र जनसंस्कृतिहरू एकाएक धरासायी भए । अनि त्यो महान बलिदान र आदर्शमाथि औला ठड्याउन थालियो । जनयुद्ध लडेर आएको नेतृत्वसहितको एक हिस्साले प्रतिक्रियावादी शक्तिसँगै आत्मसमर्पण गरी हिजोकै सढेगलेको संसदीय विभेद र उत्पीडनकारी राज्यसत्ताको जुठोपुरो खान थाल्यो । जनयद्ध लडेको माओवादी आन्दोलन टुट फुट विभाजनबाट गुज्रन पुग्यो । क्रान्ति प्रतिक्रान्तिमा बदलिन पुग्दा जनयुद्ध लडेको विशाल पंक्ति (मूलतःइमान्दार पंक्ति), सहिद तथा वेपत्ता योद्धा परिवार, घाइते अपाङ्गहरू असाध्यै पीडादायी स्थितिबाट गुज्रन पुग्यो । जनयुद्धविरोधीहरूको स्वर अहिले ठूलो भएको छ । चौतर्फी रूपमा उनीहरू जनयुद्ध गलत थियो, औचित्य सावित गर्न सकेन, यति ठूलो बलिदानको कुनै मूल्य रहेन आदि आदि भन्दै आक्रमण गरिरहेका छन् । सबैभन्दा ठूलो विडम्बना त के छ भने हिजो जनयुद्ध लडेको नेतृत्वसहितको ठूलो आत्समर्पणकारी हिस्सा नै जनयुद्ध लडेर ठूलो गल्ती गरिएछ भनेर पश्चाताप गरिरहेको छ । जनयुद्धमा गरेको पाप पखाल्न भन्दै विभिन्न मठ, मन्दिर, देवालयमा पुजापाठतिर लिहिन हुन थालेको छ । र, युद्ध अपराधीको आरोपमा हेग पो पुऱ्याउलान् कि भन्ने डरले विस्तारवादी र साम्राज्यवादी शक्तिहरूको लोती चाट्न र उनीहरूको स्वार्थ र इशारामा देशै बेच्न पनि पछि नपर्ने हातलमा देखिन पुगेका छन् ।

झापा विद्रोह र जनयुद्धका भ्रष्ट, अनैतिक, अराजनीतिक, धोकेबाज र गद्दार, वर्गीय र राष्ट्रिय आत्मसमर्पणकारी नवप्रतिक्रियावादी तत्वहरूको नेतृत्वमा बनेको अहिलेको यो सरकार विस्तारवादी र साम्राज्यवादीहरूको नाङ्गो दलाली, भ्रष्टाचारी, स्वेच्छाचारी तथा जनघाती र राष्ट्रघाती सरकारको रूपमा बद्नाम हुन पुगेको छ । लिम्पियाधुरा, कालापानी, लिपुलेक, सुस्ता लगायतको भूमि आफ्नो नक्सामा गाभेर भारतले नयाँ नक्सा जारी गर्दा समेत यो सरकार कानामा तेल हालेर बसेको छ । यतिसम्म यो सरकार निकम्मा, नालायक, गैरजिम्मेवार र दलाल छ कि जनता सडकमा निस्केर 'नेपालको नक्सा जारी गर' भन्दा पनि जारी गर्न कुनै इच्छा, जाँगर र हिम्मत गर्दैन । देशको नक्सा समेत जारी गर्न नसक्ने दलाल शासकहरूलाई देशको सार्वभौमसत्ता सुम्पेर निकै ठूलो गल्ती गरेको आम जनताले महसुस गरिरहेका छन् । विगतका शासकहरूलाई माथ गर्दै स्वयम् प्रधानमन्त्रीले कानुनै बदलेर आफ्नो व्यापारिक साझेदार निजी कम्पनीलाई कौडीको मूल्यमा देशको सम्पत्ति जिम्मा लगाउछन् । आज ललिता निवास, प्रधानमन्त्री निवास बालुवाटार, नारायणहिटी दरबारको बहुमूल्य सरकारी जग्गा समेत कौडीको भाउमा बेचेर खाएका तथ्यहरू सार्वजनिक भइरहेका छन् । वाइडबडी, न्यारोबडी काण्ड, ३८ क्वीन्टल सुन तस्करी काण्डदेखि ललिता निवास, बालुवाटार, गोकर्ण रिसोर्ट, नारायणहिटी काण्डसम्म आइपुग्दा वर्तमान प्रधानमन्त्री ओलीदेखि विगतका प्रधानमन्त्री र मन्त्रीपरिषद्का अधिकांश सदस्यहरूलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्ने देखिन्छ तर अख्तियार दुरूपयोग अनुसन्धान आयोग एउटै मुद्दामा मुछिएका माधव नेपाल, बाबुराम भट्टराईलाई छुन सक्दैन, विचरा विजय गच्छदारलाई मात्र दोषी करार गर्छ । यसबाट प्रष्ट हुन्छ अख्तियार दुरूपयोग अनुसन्धान आयोग पनि केवल सत्ता र शक्तिको खेलौना हो, स्वतन्त्रतापूर्वक यसले कुनै कार्य गर्ने ल्याकत राख्दैन । स्थानीय तहमा संस्थागत भ्रष्टाचार निकै बढेको तथ्यांक सार्वजनिक गर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोग भ्रष्टाचारको मुहान सिंहदरबार हो भन्न किन सक्दैन । मुहानै सफा नभएपछि धाराको पानी कसरी सफा आउँछ ? यहाँसम्म कि राजस्वको त कुरै छाडौं विदेशी अनुदान, सहयोग, ऋणमा समेत भ्रष्टाचार गर्ने, सत्ता र प्रतिपक्षबीच भागबण्डा गरेर खाने संस्कार बसालेका संसदवादीहरूबाट जनताले मुलुकमा शान्ति र समृद्धि, विकास निर्माण, स्वतन्त्रता र स्वाधीनता, समानता र पारदर्शिता, सुशासन र जनउत्तरदायी जनप्रशासनको अपेक्षा र कल्पना गर्न सक्ने कुनै आधार भेटिन्न । अतः राष्ट्रियता, जनतन्त्र र जनजीविकाका हिसाबले हेर्दा वर्तमान शासन व्यवस्था लामो समयसम्म रहिरह्यो भने नेपालले ढिलो चाँडो आफ्नो स्वाधीनता, *बाँकी ७ पेजमा*

# क्रान्तिकारी पत्रकार महासंघ काठमाडौंको दोस्रो जिल्ला भेला सम्पन्न, पत्रकार सागर श्रेष्ठको नेतृत्वमा १५ सदस्यीय कमिटि गठन



काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघ काठमाडौं जिल्लाको दोस्रो जिल्ला भेला सम्पन्न भएको छ । भेलाले पत्रकार सागर श्रेष्ठलाई अध्यक्षमा निर्वाचित गरेको छ । क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय अध्यक्ष इन्द्र राउतको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले निर्वाचित गरेको १५ सदस्यीय कमिटिको उपाध्यक्षमा जयनारायण दाहाल, सचिवमा प्रदिपकुमार श्रेष्ठ, कोषाध्यक्षमा गोपालदास श्रेष्ठलाई निर्वाचित गरेको छ ।

भेलाले सदस्यहरूमा सुमन लिम्बू, अनिल भट्टराई, रेखा भण्डारी, अनिसा पौडेल, ज्ञानु श्रेष्ठ, पार्वती बस्नेत लगायतलाई निर्वाचित गरेको छ ।

भेलालाई संगठनका अध्यक्ष इन्द्र राउत, नेकपा (क्रान्तिकारी माओवादी) का काठमाडौं जिल्ला सेक्रेटरी खगेन्द्र छन्त्याल, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका काठमाडौं जिल्लाका अध्यक्ष बन्धुदेव पाण्डेले सम्बोधन गरेका थिए भने संगठनका सचिव तथा प्रदेश संयोजक रनसुर महतराले बधाइ मन्तव्य राखेका थिए । निर्वाचित कमिटिको तर्फबाट सागर श्रेष्ठले प्रतिबद्धता मन्तव्य राखेका थिए ।

भेलामा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य डिल्लिराम बोहरा, क्रान्तिकारी माओवादीका प्रदेश सदस्य राम नेपाली, अखिल (क्रान्तिकारी)की उपाध्यक्ष शिलु न्यौपाने लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

निर्वाचित कमिटिको बैठकबाट संगठनका आगामी कार्ययोजना तय गरिने नवनिर्वाचित अध्यक्ष सागर श्रेष्ठले बताए ।


## सार्वजनिक सूचना

- कृषकहरूबाट परम्परादेखि सञ्चालन गर्दै आइरहेका तर हाल आएर टुटफुट भएका कुलो नहरहरूलाई मर्मत तथा सम्भार गर्ने कार्य गर्ने ।
- खेतीयोग्य जमिन भएको र बर्षैभरि पानीको स्रोत भएको मझौला तथा साना सिंचाई आयोजना सञ्चालन गर्ने ।

शंकर थापा- प्रमुख
जलस्रोत तथा सिंचाई विभाग
वर्तुङ, तानसेन पाल्पा



## यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक



## 'आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रूपान्तरण'

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



## वर्गदृष्टि र मूलबाटोको लागि लेख, रचना समाचार र विज्ञापन पठाउनेसम्बन्धी सूचना

१ लेख, रचना एक हजार (१,०००) शब्दमा नबढाइ, टाइप गरेर पत्रिकाको इमेलमार्फत पठाउन हुन अनुरोध गरिन्छ ।
२. समाचार पठाउँदा सकभर सम्बन्धित समाचार झल्कने फोटो अनिवार्य समावेश गर्नुपर्ने छ ।
३. लेख, रचना पठाउँदा शनिबार बेलुकीसम्म उपलब्ध गराई सहयोग गर्नु हुन अनुरोध छ ।
४. समाचारको हकमा आइतबारको २ बजे अगाडि उपलब्ध गराइदिनु हुन अनुरोध छ ।
५. विज्ञापनमा हुन सक्ने गल्तीलाई रोक्न विज्ञापनदाताको सहमतिमा टाइप गरेर सूचना उपलब्ध गराउने ।
६. पत्रिका प्राप्त भइसकेपछि फोन, इमेल वा एसएमएस गरेर व्यवस्थापक वा सम्पादकलाई जानकारी गराइदिनु हुन अनुरोध छ ।
७. प्रत्येक अंकको भुक्तानी उक्त महिनाको अन्तमा उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

सम्पर्क नाम र फोन नम्बर
प्रबन्ध निर्देशक: हुकुमबहादुर सिंह (९८५१०७६८६४)
सम्पादक: इन्द्र बहादुर राउत (९८५११३४८३०)
इमेल : bargadristi073@gmail.com

कर्णाली प्रदेश संवाददाता- दिनेश बुढा (९८६८००५८२४)









## गोकर्णेश्वर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

जोरपाटी काठमाडौं
३ नं. प्रदेश नेपाल




१. स्वास्थ्य र पौस्टिक खान खाऔ, नियमित स्वास्थ्य जाच गरौ
२. हाम्रो नगरको पहिचान, संस्कृति गौरव र अस्तित्व विशिस्ट मौलिकता बोकेको गोकर्णेश्वर नगर
३. सुशासन, सरसफाई र विकास निर्माणमा सबै स्थानीय जनताहरु जागरुक हऊ
४. बच्चा ५ वर्ष नपुगुन्जेल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी बच्चालाई खुवाउनु पर्ने पोषिलो खानेकुराबाट जानकारी लिई पोषण स्थिति थाहा पाऊन तौल लिई वृद्धि अनुगमन गरौ
५. म्याद गएको सामग्रीहरुको बिक्री वितरणमा रोक लगाऔ उपभोक्ताको जीवनसंग खेलवाड नगरौ
६. बोट बिरुवा रोपी गोकर्णेश्वर नगरपालिकालाई स्वच्छ सफा र हरामरा बनाऔ ।

भिम बहादुर शाही
प्रशासन, योजना तथा अनुगमन शाखा
गोकर्णेश्वर नगरपालिका


**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।